# अध्याय-एक

## अध्ययन पत्रको परिचय

### १.१ विषय परिचय

लोक गीत 'लोक' र 'गीत' दुई शब्दहरूको संयोजनबाट बनेको समस्त शब्द हो । लोकको अर्थ दुनियाँ वा संसारका जनता भन्ने बुझिन्छ भने गीत भनेको ती जनताले आफ्नो शैलीमा अभिव्यक्त गर्ने लयात्मक भाव हो । कसै कसैले यसलाई ग्राम्य वा असभ्य जनताले गाउने गीतका रूपमा पनि लिएको पाइन्छ । नेपाली बृहत् शब्दकोशले लोकगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत भनेर अर्थ्याएको पाइन्छ । (पोखेल र अन्य, सम्पा. २०४०:११८८) गाउँ वा शहर जहाँ सुकैका जनताहरूले शास्त्रीय जटिलतामा नजेलिएर आफ्नो परम्पराबाट हस्तान्तरित मौखिक रूपमा हुर्काउँदै र अगाडि बढाएर आफ्ना भावीपिँढीलाई नासो स्वरूप जिम्मा दिने सरल सरस लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।

वास्तवमा लोकगीत लोकमा प्रचलित अशिक्षित जनताहरूका दुःख सुखको सरल शैलीमा अभिव्यक्त भएको भावोद्गार हो । जसले तिनका जीवनमा आइपरेका समस्या, जटिलता चालचलन, रीतिरिवाज, धर्म संस्कृति तथा मूल्य र मान्यताहरूलाई गेयात्मक रूपमा प्रस्तुत गरेका हुन्छन् ।

नेपाल बहुजाति, बहुसंस्कृति, विभिन्न धर्म, रीतिरिवाज चालचलन भएको देश हो । यो राज्य निर्माण पनि विभिन्न समुदाय, सम्प्रदाय, धर्म, रीतिरिवाज मान्ने जनताहरूको सहयोग र सद्भावबाट नै भएको हो । त्यसैले यो 'विविधता भित्र एकता' भएको देशको रूपमा संसारले चिनेको छ । परम्परा, संस्कृति र हाम्रो मौलिकतालाई जीवन्त राख्ने कार्यमा लोक संस्कृतिको अहम् भूमिका रहेको हुन्छ । अझ लोक संस्कृति भित्रको लोकगीतले हाम्रो विविधता चालचलन र रीतिरिवाजलाई चिनाउने कार्य गर्नुका साथै आम जनसमुदायको मन छुने कार्य गर्दछ ।

विभिन्न जात जातिहरूको बसोवास रहेको यस मकवानपुरको सामरी भेगमा विविध संस्कृति, रीतिरिवाज धर्म संस्कृति र चाडपर्वहरू मनाइन्छ । करिब ४०,००० जनसङ्ख्या रहेको यस सामरी भेगमा मकवानपुर जिल्लाको सुकौरा, आमभञ्ज्याङ्ग र मकवानपुर गढी गा.वि.स. का वडा नं. १ र २ बाहेकका अन्य वडाहरू पर्दछन् । यस भेगमा रहेको 'सामरी खोला' को नाबाट यस भेगको नामवाट 'सामरी' रहन गएको र देशका अन्य जिल्ला, काभ्रेपलाञ्चोक, ललितपुर, सिन्धुपाल्चोक नुवाकोट, धादिङ्

, सिन्धुली, रामेछाप तथा ओखलढुङ्गाबाट समेत बसाइँ सरेर आई नयाँ वस्ती बसाएर आफूसँगै ल्याएका लोक संस्कृति र लोकगीतहरूलाई यस भेगको माटोमा रोप्ने कार्य भएकोले यस भेगमा विभिन्न प्रकारका लोकगीतहरू गाइएको पाइन्छ ।

यस भेगमा विभिन्न क्षेत्रबाट आइ बसोवास गरेका मानिसहरूले विभिन्न खाले लोगीतहरू गाएको पाइए तापनि त्यसको उचित रूपले सङ्कलन हुन नसक्दा यी लोकगीतहरू यसै क्षेत्रमा मात्र सीमित रहेको र हालसम्म यस क्षेत्रका लोकगीतहरूका विषयमा कुनै अध्ययन अनुसन्धान नभएकोले यस क्षेत्रका गायक तथा तिनीहरूले गाएका गीतहरू ओझेल परेका कारण स्रष्टा र सिर्जना दुवैलाई चिनाउने उद्देश्यले समरी भेगको सेरोफेरोमा रहेर अध्ययन गर्ने उद्देश्यका साथ अध्ययन पत्रको शीर्षक 'मकवानपुरको सामरी भेगमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' मा अध्ययन पत्र तयार पार्ने जमर्को गरिएको छ ।

## १.२ समस्या कथन

मकवानपुरको सामरी भेग विभिन्न क्षेत्रका मानिसहरूले बसालेको नयाँ बस्ती भएकोले यो नयाँ माटोमा विभिन्न गीतहरूको वीजारोपण गरेको पाइन्छ । त्यसैले यहाँका गीतहरूमा विविधता पाइनु स्वभाविकै मान्नु पर्छ । यस्तै खाले विविधताभित्र विविध समस्या पनि हुने भएकोले प्रस्तुत अध्ययन पत्र तयार गरिएको हो जुन यस प्रकार रहेका छन् ।

क) लोकगीतको सैद्धान्तिक परिचय के हो ?

ख) यस भेगमा के कस्ता गीतहरू गाइन्छन् ?

ग) यस भेगमा प्रचलित लोकगीतहरूलाई के कसरी वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ?

उल्लेखित समस्याको जगमा टेकेर नै प्रस्तुत अध्ययन पत्र तयार परिएको छ ।

## १.३ अध्ययन पत्रको उद्देश्य

मकवानपुर जिल्लाको सामरी भेगमा विभिन्न किसिमका लोकगीतहरू सुषुप्त अवस्थामा रहेका छन् । ती गीतहरूलाई क्रियाशील बनाउँदै व्यापक चिनारी गराउने तथा छरिएर रहेका गीतलाई सङ्कलन तथा व्यवस्थित गर्नु यस अध्ययन पत्रको मुख्य उद्देश्य रहनुका साथै अन्य महत्त्वपूर्ण उद्देश्य यस प्रकार रहेका छन् ।

क) लोकगीतको सैद्धान्तिक परिचय दिनु,

ख) यस भेगका लोकगीतहरूको सङ्कलन गर्नु,

ग) सङ्कलन गरिएको गीतहरूलाई व्यवस्थित गरेर वर्गीकरण र विश्लेषण गर्नु ।

उपर्युक्त उद्देश्यहरू पूरा गर्न यो अध्ययन पत्र तयार पारिएको छ ।

## १.४ पूर्व कार्यको समीक्षा

लोकगीत लोकसाहित्यको बहुप्रचलित र बहुचर्चित विधा हो । लोक साहित्यको अन्य विधाको तुलनामा यस विधो बहु सङ्ख्यक जनताको मन छुन र मन जित्न सफल भएको छ । लोकगीतका सम्बन्धमा यस अघि राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला स्तरमा केही काम भए तापनि यस भेगका लोकगीतहरूको बारेमा कुनै अध्येताले खासै जोड दिएको पाइएन । लोकगीतका सम्बन्धमा हालसम्म भएका वा चालिएका कदमहरूलाई मोटामोटी रूपमा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

विश्वराज हरिहर शर्माको 'राग सङ्ग्रह' वि.सं. १९६२ मा प्रकाशित भएको पाइन्छ ।

वि.सं. २०१६ मा धर्मराज थापाद्वारा लोकगीतरू सङ्कलन गरी 'मेरो नेपाल भ्रमण' नामको पुस्तक प्रकाशित भयो ।

वि.सं. २०२० मा लोकगीतलाई सामाजिक र भौगोलिक क्षेत्रसँग चिनाउने उद्देश्यले धर्मराज थापाबाट 'हाम्रो लोकगीत' नामक ग्रन्थ प्रकाशित भयो ।

वि.सं. २०२० मा काजीमान कन्दङ्वाले 'नेपाली जनसाहित्य' प्रकाशित गरे ।

वि.सं. २०२७ मा रामचन्द्र फुर्सतीले 'तीनखोले दोभान'नामक लोकगीत सम्वन्धी कृति प्रकाशित गरे ।

वि. सं. २०३० मा धर्मराज थापाबाट 'गण्डकीका सुसेली' नामक पुस्तकमा पश्चिमाञ्चल विकास क्षेत्रका तीन अञ्चलका लोकगीतका भेदहरूको तुलनात्मक रूपमा अध्ययन गरिएको छ ।

वि.सं.२०३६ मा जयराज पन्तले 'डोटेली गमरा पर्वका गीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' शीर्षकमा स्नातकोत्तर शोधपत्र लेखेर २०५५ मा 'अँजुलीभरि सगुन र पोल्टाभरि फाग' प्रकाशित गरे ।

वि.सं. २०४३ मा नारायण प्रसाद अधिकारीद्वारा 'स्याङ्जाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र अध्ययन' शीर्षकको कृति प्रकाशित भयो ।

वि.सं.२०४३ मा राजेन्द्र प्रसाद पौडेलले कमला खोंचका 'लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' शीर्षकमा अध्ययनमूलक कृति प्रकाशित गरे ।

वि.सं. २०४७ मा एस.के. उपाध्यायले 'नेपाली लोकगीत सङ्ग्रह' प्रकाशित गरे ।

वि.सं. २०५२ मा अम्बिका प्रसाद भट्टराईको 'तनहुँ ढोरका गीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' शीर्षकमा लोकगीतको विवेचना गरिएको शोधपत्र तयार भयो ।

वि.सं. २०५५ मा मोहनप्रसाद तिमल्सिनाको 'नेपाली लोकगीतका ऐतिहासिक मोडहरू' शीर्षकमा लोकगीतको इतिहास विवेचना गरिएको लेख प्रकाशित भयो ।

वि.सं. २०५७ मा कृष्णप्रसाद पराजुलीद्वारा लिखित 'नेपाली लोकगीतको आलोक' शीर्षकमा कृति प्रकाशित भयो ।

वि.सं. २०५७ मा जीवेन्द्रदेव गिरीद्वारा 'लोक साहित्यको अवलोकन' नामक कृति प्रकाशित भयो । जसमा कर्णाली अञ्चलका लोकगीतहरूको विवेचन गरिएको छ ।

वि.सं. २०५८ मा हीराप्रसाद पन्तको 'डडेलधुराली डेउडा गीतको अध्ययन' शीर्षकमा अनुसन्धानात्मक शोधपत्र तयार भयो ।

वि.सं. २०६२ मा सुबि शाहद्वारा 'नेपाली लोकगीतको झलक' नामक पुस्तक प्रकाशित गरी देशभरका लोकगीतहरूको सङ्कलन गरी विश्लेषण गर्ने कार्य भयो ।

वि.सं. २०६५ मा विमला श्रेष्ठद्वारा 'धादिङ जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' शीर्षकमा शोध गरी धादिङ जिल्लामा प्रचलित लोकगीतहरको परिचय तथा वर्गीकरण, विश्लेषण गरेकी छिन् ।

यसका अलावा लोकगीतको अध्ययन अनुसन्धान गर्ने क्रममा प्रज्ञा प्रतिष्ठान, नेपाल सरकार संस्कृति विभाग, म्युजिक नेपाल, धवलागिरि क्यासेट सेन्टर, रत्ना क्यासेट सेन्टर जस्ता सङ्घ संस्थाहरूले उल्लेख्य योगदान दिएको पाइन्छ । जसबाट लोकगीतहरूलाई नेपाली जनताको घरदैलोमा पुऱ्याएर उनीहरूलाई भरपुर मनोरञ्जन दिई आफ्नो मौलिकताको परिचय गराउनबे सुअवसर प्राप्त भएको छ ।

देशका अन्य क्षेत्रमा लोकगीतका क्षेत्रमा भए गरेका प्रगतिका तुलनामा मकवानपुरमा भने लोकगीतको सम्बन्धमा अध्ययन अनुसन्धान कमै मात्रामा भएको पाइन्छ । देशको मध्य भागमा रहेर तथा अन्य जिल्लाका विभिन्न स्थानबाट बसाइँ सरेर आफ्ना जातजातिहरूका मौलिक पहिचान ल्याएका

भए तापनि तिनीहरूको अध्ययन भने यस जिल्लामा हुन सकेको छैन । यस जिल्लाको 'हर्नामाडी गा.वि.स. का लोकगीतहरूको अध्ययन' शीर्षकमा दीपक ढुङ्गानाले वि.सं. २०६५ मा स्नातकोत्तर तहका लागि अध्ययन पत्रमा लोकगीतको सङ्कलन गरेर त्यसलाई वर्गीकरण र विश्लेषण गर्ने कार्य भएको छ । जसबाट लोकगीतको संरक्षण र सम्बर्द्धनमा महत्त्वपूर्ण योगदानको सुरूवात भएको देखिन्छ ।

देशका अन्यभाग तथा मकवानपुरका केही भागहरूमा लोकगीतका संरक्षण र सम्वर्द्धनमा जे जस्ता कार्यहरू भए तापनि समरी भेगका लोकगीतका सम्बन्धमा खासै अध्ययन भएको छैन । यद्यपि छिटफुट रूपमा विभिन्न स्थानीय पत्रपत्रिकाहरूमा लोकगीतहरू सङ्कलन गर्ने उद्देश्यले छापिए तापनि ती संरक्षण संवर्द्धनका लागि पर्याप्त भने छैनन् । प्राकृतिक मनोरम विभिन्न संस्कृतिले भरिएको यस मकवानपुर जिल्लाको सामरी भेगका लेकगीतहरूको अध्ययनले पक्कै पनि यस भेगको लोकसंस्कृतिको जगेर्ना गर्न मद्वत गर्दै भावी पिँढिहरूलाई संस्कृति हस्तान्तरण गर्न सक्ने अपेक्षा गरिन्छ ।

## १.५ अध्ययन पत्रको औचित्य

मकवानपुर जिल्लाको सामरी भेगमा विभिन्न किसिमका गीतहरू पाइन्छन् । विभिन्न स्थानबाट आएका मानिसहरू भएकाले यहाँ विभिन्न किसिमका संस्कृति र रहनसहन तथा पहिचानहरू पाउन सकिन्छ । यहाँका जनसमुदायको जनजीवन कसरी व्यतीत भइरहेको छ ? लोकसंस्कृतिले जनजीवनलई के कस्तो प्रभाव पारिरहेको छ ? भन्ने कुरा यसको अध्ययनबाट नै पुष्टि हुन आउँछ र यसको अध्ययन हुनु वाञ्छनीय छ । यो अध्ययन कार्य यस भेगको लोकगीत अध्ययनमा सुरूवातको सानो पाइला भए तापनि यसले मौलिकताको पहिचान गराउन, संस्कृति हस्तान्तरण गर्न, यस क्षेत्रका विभिन्न सर्जकहरूको कदर गर्न अवश्य नै सहयोग गर्ने देखिन्छ । यसबाट यस क्षेत्रका विभिन्न गीतहरू सङ्कलन गरी तिनीहरूलाई वर्गीकरण र जनताका जीवनसँग एकाकार गराउन विश्लेषण समेत गरिने भएकोले यसको औचित्य समेत पुष्टि हुन जान्छ ।

## १.६ अध्ययन कार्यको सीमाङ्कन

मध्य नेपालको ऐतिहासिक तथा आर्थिक दृष्टिकोणिले महत्त्वपूर्ण योगदान भएको नारायणी अञ्चलको मकवानपुर जिल्लाको यस समरी भेगमा यस जिल्लाका ४३ मध्ये ३ गा.वि.स. ( मकवानपुर

गढीका वडा नं. १ र २ बाहेक) पर्दछन् । ती गा.वि.स. कै सेरोफेरोमा रहेर लोकगीतको संङ्कलन र विश्लेषण गरी यस अध्ययनलई पूरा गरिएको छ ।

### १.७ अध्ययन विधि

यस अध्ययनका लागि निम्न अनुसार विधिहरूलाई प्रयोग गरिएको छ ।

#### १.७.१ पुस्तकालय विधि

यस अध्ययनलाई पूरा गर्न लोक साहित्यका पुस्तकहरू सङ्कलित विभिन्न पुस्तकालयका पुस्तकहरू, पत्रपत्रिकामा सङ्कलित गीत र लेखहरू गरी सामग्री सङ्कलन गरिएको छ ।

#### १.७.२ क्षेत्रीय विधि

यस विधि अन्तर्गत विभिन्न क्षेत्रमा गई विभिन्न पर्व, मेला, उत्सवहरूमा सम्बन्धित गायकहरूको घरमा प्रत्यक्ष भेटघाट गरी टेपरेकर्डरको सहायताले गीत सङ्कलन गर्ने कार्य गरिएको छ ।

#### १.७.३ समाजपरक विश्लेषण विधि

प्रस्तुत गीतहरूको विश्लेषणका निम्ति समाजपरक विधिको अवलम्वन गरिएको छ ।

### १.८ अध्ययन पत्रको रूपरेखा

**पहिलो अध्याय**

पहिलो अध्यायको शीर्षक अध्ययन पत्रको परिचय रहेको छ र जसमा विषय परिचय (समस्या कथन, अध्ययनपत्रको उद्देश्य, पूर्व कार्यको समीक्षा, अध्ययन पत्रको औचित्य, अध्ययन पत्रको सीमाङ्कन, अध्ययन विधि र अध्ययन पत्रको रूपरेखा रहेका छन् ।

**दोस्रो अध्याय**

यस अध्यायमा लोकगीतको परिचय शीर्षक दिई लोकगीतको परिभाषा, तत्त्व, तथा लोकगीतका विशेषता तथा वर्गीकरण जस्ता उपशीर्षकहरू राखिएका छन् ।

**तेस्रो अध्याय**

यस अध्ययन पत्रको तेस्रो अध्यायमा मकवानपुर जिल्लाको संक्षिप्त परिचय, मकवानपुरमा प्रचलित लोकगीतहरूको प्रकारहरू, वर्गीकरणको रूपरेखा, सामरी भेगको संक्षिप्त परिचय, लोकगीतहरूको सङ्कलन, वर्गीकरण जस्ता उपशीर्षक रहेका छन् ।

**चौथो अध्याय**

यस अध्यायमा सङ्कलित लोकगीतहरूको समाजपरक विश्लेषण गरिएको छ ।

**पाँचौ अध्याय**

यस अध्यायमा उपसंहार,  दिइएको छ ।

# अध्याय दुई

## लोकगीतको परिचय

### २.१ परिचय

'लोक' र 'गीत' दुई शब्दको संयोजनबाट 'लोकगीत' शब्दको संरचना भएको छ । लोकको अर्थ संसार, जनता, दुनियाँ, प्राणी आदि हुन्छ भने गीतको अर्थ लयात्मक अभिव्यक्ति हुन जान्छ । यी दुवै शब्दहरूलाई एकै साथ संयोजन गरी निर्मित लोकगीत शब्दले हृदयबाट व्युत्पत्ति भएको लयात्मक अभिव्यक्ति नै लोकगीत हुन आउँछ । कसै कसैले लोक शब्दलाई असभ्य र ग्राम्य भन्ने अर्थमा पनि लिएको पाइन्छ । तिनै असभ्य वा ग्राम्य अशिक्षित जनताले गाउने आफ्नो जीवनसँग सम्बन्धित लयात्मक वा पद्यात्मक अभिव्यक्ति नै लोकगीत हो भन्न सकिन्छ । खास गरी सुविधा सम्पन्न सहरमा बस्ने शिक्षित जनसमुदायभन्दा ग्रामीण परिवेशमा दीनहीन जीवन बिताइरहेका अशिक्षित जनताको दुःख सुखको साथी नै वास्तवमा लोकगीत हो ।

लोकगीत जनताको मौलिक अभिव्यक्ति हो । यो कुनै शास्त्रीय जटिलतमा नअल्झिएर कम लेखपढ गरेका वा निरक्षर जनता समेतले सरल तथा सहज तरिकाबाट गाउन सक्ने र बुझ्न सक्ने गीत लोकगीत हो । लोकगीतमा समाजका जनताको जीवनको वास्तविकता र स्थानको परिवेशको आञ्चलिकता झल्किएको हुन्छ । तसर्थ लोकगीत समुदायको ऐना हो जसले समाजमा जनताको जीवनको प्रतिविम्ब लयात्मक रूपमा अभिव्यक्त गरिरहेको हुन्छ ।

### २.२ लोकगीतको परिभाषा

'लोकगीत' लोक जीवनको लयात्मक अभिव्यक्ति भएकोले यसले जनभावनाहरूको स्पन्दनलाई अँगालेको हुन्छ । यो प्राकृतिक छटाहरूसँग मितेरी गाँस्दै जन जीवन र परिवेशलाई चित्रण तथा वर्णन गर्ने मिठासपूर्ण लयात्मक अभिव्यक्ति हो । यो पुर्खाहरूले आर्जन गरेको नासो हो जुन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आइरहेको हुन्छ । लोकले सहज र सरल रूपमा बुझ्न र अनुभव गर्न सक्ने यो लोकसाहित्यको आदिम कालदेखि युगान्तसम्म लोक भावनालाई उजागर गर्ने लयात्मक र रागात्मक अभिव्यक्ति हो ।

लोकगीतलाई चिनाउन विभिन्न विद्वान्ले विभिन्न किसिमले परिभाषित गरेका छन् जुन यस प्रकार छन् ।

नेपाली वृहत् शब्दकोशमा लोकगीतको परिभाषा "समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत ।" (पोखरेल र अन्य सम्पा., २०४०:१११८) लक्ष्मण लोहनीका अनुसार लोकगीत "डम्फु, मादल, झ्याली, करताल, खैंजडी, मुजुरा, मुर्चुङ्गा, बाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्ट पारी कलकलाइ रहेका खोलानालाका अविरल धुनमा बहेलिँदै गएका सुरिला, मधुर कण्ठ, च्याङ्बा, साँहिला, साँहिलीका हृदय फुटेर आएका चोखा सङ्गीतमय उद्गारलाई हामी लोकगीतको नामले पुकार्दछौँ ।" (लोहनी, २०२२: ८) भनी परिभाषित गरेका छन् ।

लोक साहित्यका अर्का विद्वान् चूडामणि बन्धुले "लोकगीत भनेको लोक जीवनको दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि व्यवहार आस्था र मान्यताहरूको चित्रण हुन्छ ।" (बन्धु, २०५८:.११५) भनेका छन् ।

धर्मराज थापाका अनुसार "लोक अनुभूति नै लोकगीत हो जसले हृदयका उद्गारहरू स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । सुख दुःखमा अलापिएका अभिव्यक्तिहरू लोकमा गाइएका हुँदा यसको संज्ञा लोकगीत भयो ।" (थापा २०३०:१३) ।

सुबि शाहका अनुसार "जुन गीतको रचनाकार हुँदैन साथै गीतको नियम प्रचलित अङ्गमा आधारित र लोक धुनमा अडेको हुनु पर्छ । लोकगीतको रचना र लय कहाँबाट आएँछ , त्यो मूल जरो भेटिँदैन, एक्कासि अधिराज्यभरि फैलिन्छ र लोप हुँदै जान्छ ।" (शाह, २०६२: ६) ।

माथिका परिभाषाहरूलाई नियालेर हर्दा लोकगीत वास्तवमा परम्परादेखि चल्दै र लोक जीवनमा भोगेका दुःख सुखको रागात्मक र लयात्मक अभिव्यक्ति हो । यो ग्रामीण वा ग्राम्य समाजका अशिक्षित वा निरक्षर जनताका हृदयको भावोद्गार हो । लोकगीतले लोक समाजका रीतिरिवाज, चालचलन, रहनसहन परम्परा तथा संस्कृतिका विविध पाटाहरूलाई लयात्मक रूपमा चित्रण गरेर प्रतिविम्बलाई लयात्मक धरातलमा उतार्ने कार्य गरिरहेको हुन्छ । वास्तवमा
लोकगीतको प्रारम्भको इतिहास भेटिन कठिन हुन्छ । यो एकबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै मुखा मुख सर्दै आएको हुन्छ । हाम्रो समाजको भौगोलिक, प्राकृतिक, आर्थिक तथा साँस्कृतिक सबै पक्षहरूको प्रतिविम्ब उजागर गरिरहेको हुन्छ । मौखिक तथा मौलिक परम्परा भएकोले लोकगीत एक अलिखित साहित्यको रूपमा रहेर पनि चिरस्थायित्व प्राप्त गर्न सफल देखिन्छ ।

यसरी लोकगीत लोकजीवनको लयात्मक, रागात्मक अभिव्यक्ति हो, जसले आफ्नो मौलिक परम्परालाई कायम राख्दै आफ्नो समाजको प्राकृतिक, साँस्कृतिक, भौगोलिक, आर्थिक आदि अवस्थाहरूलाई चित्रण गर्दै आफ्नो पहिचानलाई दर्शाउने काम गरेको हुन्छ ।

## २.३ लोकगीतका तŒवहरू

लोकगीतले लोक जीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि व्यवहार आस्था र मान्यताहरूको चित्रण हुन्छ । लोकगीतहरू खास नियम तथा बन्धनहरूमा जकडिएका र जेलिएका हुँदैनन् । यी त निरक्षर तथा अशिक्षितहरूले समेत गाउन र सहज बुझ्न सक्ने हुन्छन् । यसलाई सबैले आफ्नो सम्झने र साझा सम्पत्तिका रूपमा लिने गरेको पाइन्छ । यी गमलामा सजाइएका कृतिम फूल जस्तो होइनन् बरू जङ्गलमा स्वतः उब्जिएका फूलजस्ता भएर सौन्दर्य बढाएर पारखीहरूका मन आकर्षित गरिरहेका हुन्छन् । मौलिकता र लयात्मकता यसको प्राण हो । लोक साहित्यका अन्य विधा भन्दा यो फरक र सर्वप्रिय हुन्छ । अन्य विधाबाट फरक पार्ने कार्य लोकगीतका तत्त्वहरूले गरिरहेको हुन्छ । लोकगीतका तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.३.१ कथ्य

लोकगीत गाइनुका पछाडि त्यसमा कुनै न कुनै कथ्य रहेको हुन्छ । कुनै नैतिक सन्देश दिने खाले हुन्छन् । कथ्य विषयका पनि लिइन्छ । कथ्यलाई गायकको मार्गको रूपमा पनि लिन सकिन्छ । जुन मार्गबाट हिँडेर गायक लक्ष्यमा पुग्न र भावक वा श्रोताले मनोरञ्जन मूलक सन्देश प्राप्त गर्दछन् । लोकगीतमा कथ्य सरल र सहज रूपमा प्रकट हुने भाव वा विचार पनि हो । यस्ता विषयहरु पौराणिक, ऐतिहासिक, सामाजिक र मनोवैज्ञानिक गरी विविध हुन्छन् ।

### २.३.२. लय

लय लोकगीतको अर्को तत्त्व हो । यसले गीतलाई मिठासपूर्ण र सुमधुर बनाउँछ । गायकको लयात्मक अभिव्यक्तिले श्रोतालाई मोहित पार्ने कार्य गर्दछ । गायक र श्रोता दुबैलाई भावात्मक गहिराइमा पुऱ्याएर रागात्मक साहचार्य पैदा गराउने कार्य यसले गर्दछ । भाव वा विचारलाई अभिव्यक्त र सम्प्रेष्य बनाउने काम लयले गर्दछ ।

### २.३.३. उद्देश्य

कुनै पनि कुराको सिर्जना हुनुमा कुनै न कुनै उद्देश्य रहेको हुन्छ । लोकगीतको सिर्जना पनि निरूद्देश्य हुँदैन । लोकगीतको प्रयोजनलाई पनि त्यसको उद्देश्य मान्नु पर्दछ । त्यस्ता उद्देश्यहरू कुनै गीतमा प्रत्यक्ष र कुनैमा परोक्ष रूपमा प्रकटीकरण हुन्छन् । त्यसैले उद्देश्यलाई पनि लोकगीतको एक तत्त्वको रूपमा लिइन्छ ।

### २.३.४. भाषा

भाषा लोकगीत प्रकटीकरणको माध्यम हो । यो लोकले बुझ्न र अनुभव गर्न सक्ने सरल भाषामा प्रकट हुन्छ । लोकगीतमा लोक भाषाको प्रयोग हुन्छ । स्थानीय, झर्रा र मौलिक शब्दहरूको प्रयोगका साथै भावानुकूल सरल,सहज र मिठासपूर्ण शब्दावलीको प्रयोग हुने हुँदा यसलाई सबैले अनुभव गर्न र प्रयोग गर्न सक्दछन् । यसमा अनुप्रास, रूपक र उपमाको सरल प्रयोग भए तापनि ती दुर्वोध्य र जटिल हुँदैनन् । यो छन्द भन्दा पनि लयप्रधान हुन्छ । यी सबै कुराहरूको प्रयोग सरल भाषाको माध्यमबाट हुने हुँदा भाषा लोकगीतको अपरिहार्य तत्त्व हो ।

### २.३.५. शैली

लोकगीतको अभिव्यक्त गर्ने ढङ्ग वा ढाँचालाई शैली भनिन्छ । लोकगीतमा लोकशैली कै प्रयोग हुन्छ । शैलीकै कारणले एउटा लोकगीत अर्कोभन्दा फरक वा फरक पहिचानको हुन्छ । यो उच्च वा मध्यम शैलीको नभई सरल शैलीले यसको सादापनलाई झल्काउँछ । लोकगीतको रचनाकार अज्ञात रहने र यो मौखिक र श्रुति परम्पराबाट सामूहिक सम्पत्ति बन्ने हुँदा लोकगीतको शैली पनि सामूहिक नै हुन्छ । लोकगीतमा खास, भावपूर्ण शैलीको प्रयोग गरिन्छ ।

### २.३.५ भाव

भाव पनि लोकगीतको मुख्य तत्त्व हो । मानिसले दैनिक व्यवहारमा भोगेका दुःख-सुख, हाँसो-आँसु , हर्ष, विस्मात आदि संवेगहरू भावको रूपमा हृदयबाट उत्पत्ति भई ओठबाट प्रकट हुन्छन् ।

लोकगीतमा रहने भावले नै कथ्यलाई सम्प्रेष्य बनाउँछ । लोकगीतमा मानिसका हृदयलाई च्वाट्ट छुने भावका झिल्का पाइन्छ । भावको प्रकटीकरणका कारणबाट नै लोकगीतको कथ्य जटिल र दुर्बोध्य हुँदैन । भाव वा विचारको अभावमा लोकगीत अमूर्त हुन्छ । तसर्थ भाव वा विचार लोकगीतको अनिवार्य तत्त्व हो ।

यसरी लोकगीतमा कथ्य, लय वा भाका, उद्देश्य, भाषा शैली तथा भाव वा विचार लोकगतिका तत्त्व हुन् । यी तत्त्वहरूले नै लोकगीतलाई मूर्त, सम्प्रेष्य, संवेद्य, माधुर्य बनाएको हुन्छ । लोक साहित्यका अन्य विधा भन्दा भिन्न र रूचिपूर्ण हुन्छ ।

## २.४ लोकगीतका विशेषताहरू

लोकगीत लोकसाहित्यको प्रमुख विधा हो । लोकसाहित्य लोक जीवनको एक सशक्त अभिव्यक्ति हो । लोकसाहित्यको प्रमुख विधा लोकगीत जनसाधारणका रीतिरिवाज, दुःख, सुख, हाँसो, आँसु आदिको अभिव्यञ्जना पाइन्छ । मानव जीवनका आदिम कालदेखिका घटनाहरूलाई मूर्त एवं जीवन्त रूप दिँदै अनवरत रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै मौखिक परम्परामा हुर्कँदै लोकगीत आफ्नै गतिमा अगाडि बढिरहेको छ । अशिक्षित र नरक्षर समुदायको प्रिय मानिने लोकगीतका विशेषताहरूलाई निम्न लिखित रूपमा व्याख्या गर्न सकिन्छ ।

### २.४.१ मौखिक तथा श्रुति परम्परा

लोक साहित्य वास्तवमा मौखिक र श्रुति परम्परामा चल्दै आएको पाइन्छ । लोकगीत लोक साहित्यको एक प्रकार वा शाखा भएको हुँदा यो पनि मौखिक र श्रुति परम्परामा हुर्कदै आएको पाइन्छ । लोकधारणा र जनबोलीमा आधारित भएकोले यो जनताले नै भन्ने र जनताले नै सुन्ने मौखिक र श्रुति परम्परामा हुर्कँदै आएको पाइन्छ । समाजमा भए गरेको विभिन्न कामकाज तथा क्रियाकलापहरूका बारेमा सहजरूपमा प्रस्तुत गर्ने गर्दछ ।

### २.४.२ रचनकार र रचनाकाल अज्ञात

लोकगीतका रचनाकार र रचनाकाल अज्ञात हुने भएकोले यसको रचना कसले गऱ्यो ? कहिले गऱ्यो ? कहाँ भयो ? जस्ता कुराहरू अज्ञात नै रहन्छन् । यो पुस्ता पुस्ता हुँदै सर्दै र हस्तान्तरण हुँदै

थाहै नपाइ पिँढी दरपिँढी हुँदै अगाडि बढिरहेको हुन्छ । जसरी वेदको रचनाकार अज्ञात भएर पनि श्रद्धा र भक्तिका साथ पढिँदै र सुनिँदै आएको छ त्यसैगरी लोकगीत पनि रचनाकार र रचनाकाल अज्ञात भए तापनि लोकले स-सम्मान मान्दै, भन्दै र सुन्दै आएको छ ।

### २.४.३ सामूहिकता

लोकगीतको रचनाकार अज्ञात हुने भएकोले यसलाई समाजले मान्दै आएका कारण यो सामूहिक सम्पत्ति मानिन्छ । लोकगीत सामूहिक सम्पत्ति भएका कारण यसमा सामूहिक भावना पाइन्छ । लोकगीतमा समाजको दुःख सुख हाँसो- रोदन, हर्ष - विस्मात, पीर-मर्का आदिको सामूहिक स्वर गुञ्जन हुने भएका कारण सामूहिकता लोकगीतको विशेषता हो । व्यक्तित्वविहीन हुने भएकोले वैयक्तिकतामाथि उठी सामूहिक भावनाको निर्माण गर्छ ।

### २.४.४ परिवर्तनशीलता

लोकगीत अनादिकालदेखि नै लोकगीत गाइँदै, भनिँदै र सुनिँदै एकअर्कामा हस्तान्तरण हुँदै आएको छ । यो एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएका कारण समय परिस्थिति अनुसार परिवर्तित र परिमार्जित हुँदै आएको पाइन्छ । युग र अवस्था अनुसार आफ्नो रूप र स्वरूप कुनै न कुनै रूपले परिवर्तन गर्दै आएको छ ।

### २.४.५ स्थायीको पुनरावृत्ति

लोकगीतको प्रारम्भिक चरणमा आउने पङ्क्तिलाई स्थायी भनिन्छ । यसलाई टेक वा ध्रुबपद पनि भन्ने चलन छ । स्थायीको पुनरावृत्तिले लोकगीतलाई बढी लयात्मक र मर्मस्पर्शी बनाएको हुन्छ । स्थायीको बारम्बार हुने पुनरावृत्तिले लोकगीतलाई परिचित गराउँछ । जस्तैः रेसम फिरिरी, रेसम फिरिरी, उडेर जाउँ कि डाँडामा भञ्ज्याङ्ग रेसम फिरिरी..... भन्ने पङ्क्ति भनेपछि अन्य पङ्क्ति भनिन्छ र फेरि उक्त पङ्क्तिलाई दोहोऱ्याइन्छ ।

### २.४.६ मनोरञ्जक तथा उपदेशात्मक

लोकगीतको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु भए तापनि यसले लोकलाई नैतिक उपदेश, ज्ञानगुनका कुरा तथा शिक्षा पनि प्रदान गर्दछ । जसका कारण समाजमा चेतना फैलाउने, समाज सुधार

गर्ने र समाजमा नराम्रा र खराब आचरण त्याग्न मद्दत पुग्नुका साथै आफूले प्राप्त गरेका ज्ञान, शिक्षा र उपदेश अरूलाई सुन्ने सुनाउने अवसर पनि लोकगीतले दिने भएकोले लोकगीतको यो एक महत्त्वपूर्ण विशेषता हो ।

### २.४.७ यथार्थता

लोकगीतले समाजमा असल, खराब, शिष्ट, अशिष्ट, सद्गुण, दुर्गुण आदिको यथार्थ चित्रण गर्ने कार्य गर्दछ । समाजको यथार्थतको चित्रण गेयात्मकताका माध्यमबाट प्रस्तुत गर्ने भएकाले जनमानसका यथार्थ अवस्था बुझ्न सहज हुन्छ । त्यसैले यो पनि लोकगीतको महत्त्वपूर्ण विशेषताका रूपमा आउँछ ।

### २.४.८ हार्दिकता प्रदान

लोकगीत मानव हृदयबाट प्रस्फुटित हुने लोक विधा हो । यसले बौद्धिकतालाई भन्दा हार्दिकतालाई प्रमुख मान्दछ । लोकगीतमा आत्मीयता, संवेदनशीलता र रागात्मकताको प्रचुरता पाइन्छ । शास्त्रीयताको बौद्धिक जटिलतामा नजेलिई लोकगीत हार्दिकताको सरलतामा यात्रारत रहन्छ ।

### २.४.९ कल्पनात्मकता

लोकगीतमा जति यथार्थ रहन्छ त्यो भन्दा बढी कल्पना प्रबलता रहेको हुन्छ । आदिम कालमा जहाँ मानिसले लेख्य शिल्पको विकास गरेको थिएन त्यहाँ ऋषिमुनिहरूको कल्पनाबाट वेद, उपनिषद् जस्ता ग्रन्थ प्राप्त गरे र श्रुति परम्परामा हुर्काउँदै बढाउँदै जीवित राख्ने कार्य भयो । यो सबै कुरा कल्पनाबाट नै सम्भव भयो र ठीक लोकगीतलाई पनि यसैगरी हुर्काउँदै बढाउँदै जीवित राख्ने कार्य भयो भन्ने किंवदन्ती रहेको पाइन्छ ।

### २.४.१० भाग्यवादी प्रवृत्ति

नेपाली समाज अधिक रूपमा भाग्यमा विश्वाश गर्ने समाज हो । त्यो भाग्यवादी प्रवृत्ति लोकगीतमा पनि झल्किएको हुन्छ । दुःख र सुख प्राप्त गर्नु सबै भाग्यकै खेल हो र भाग्यबाट नै ती कुरा प्राप्त हुन्छन् भन्ने कुरा लोकगीतमा झल्केको पाइन्छ । दुःख पाउँदा आफ्नो भाग्य र कर्मलाई नै धिकार्दै त्यसलाई गीतका माध्यमबाट पस्कने काम गरिरहेका हुन्छन् । जस्तै :-

कस्तो रै'छ अभागी खप्पर ।
जाँ गए'नि ला'इरन्छ ठक्कर ॥

## २.४.११ प्रकृति चित्रण

लोकगीतमा प्रकृतिको चित्रण गरिएको पाइन्छ । प्रकृतिमा देखेका विभिन्न वस्तुहरू लोकगीतका विषयवस्तु बन्दछन् । लोकगीतमा प्राकृतिक वस्तुहरू झरना, पहाड, हिमाल, वन, नदी, हावा, आदिसँग अनुभव गरिएका कुराहरूलाई प्रकटीकरण गर्ने कार्य हुन्छ । प्रकृतिमा आफ्ना आँखाले देखेका, तिनले भोगेका र मनले अनुभव गरेका कुराहरूलाई गीतको माध्यमबाट अनुभव गरिन्छ । प्राकृतिक वस्तुसँग सम्बन्ध राखेर आफ्नो मनलाई प्रफुल्लित गराउने कार्य गीतको माध्यमबाट गरिएको हुन्छ । जस्तैः

हिमालमा हिउँ कल्ले जमायो ।
बल्ल मेरो हृदय रमायो ॥

## २.४.१२ स्वच्छन्दता

लोकगीत लोकजीवनको हार्दिक तथा सहज अभिव्यक्ति हो । लोकगीत शास्त्रीय गीतहरू जस्ता शास्त्रीय नियम, बन्धन र छन्द बन्दको झमेला र झन्झटमा फसेको हुँदैन । यो निरक्षर र अशिक्षितहरूको पनि साहित्य भएकोले यसलाई त्यस्ता नियम बन्धनमा कसाउनु पनि हुँदैन । यो जनमानसको सुख दुःखको भावनाबाट हृदयबाट फलेर स्वतःस्फूर्त रूपबाट ओठका माध्यमबाट प्रस्फुटित भएको हुन्छ । यसमा शास्त्रीय छन्द तथा लयको प्रयोग नभई आफ्नै छन्द र लय वा लोक छन्द र लोकलयको प्रयोग हुने भएको कारण स्वच्छन्दता पनि लोकगीतको महत्त्वपूर्ण विशेषता हो ।

## २.४.१३ लयात्मकता र सङ्गीतात्मकता

लोकगीतमा लय र सङ्गीत अनिवार्य पहिचान मानिन्छन् । लयात्मकता र सङ्गीतात्मकताले लोकगीतलाई श्रुतिमधुर र भावपूर्ण बनाइरहेका हुन्छन् । लोकगीतको लय र सङ्गीत शास्त्रीय परिपाटीको नभई स्वच्छन्द प्रकृतिको हुन्छ । यो एकल, दोहोरी तथा सामूहिक रूपमा गाउन सकिन्छ । लोकगीतलाई सङ्गीतात्मक बनाउन बाँसुरी, मादल, मुर्चुङ्गा जस्ता वाद्ययन्त्रहरूको प्रयोग गरिन्छ । यी यन्त्रको प्रयोगले लोकगीतलाई साङ्गीतिक माहोल सिर्जना गरिरहेको हुन्छ ।

यसरी लोकगीतमा विभिन्न विशेषताहरू हुन्छन । माथि उल्लेखित विशेषताहरूका कारण लोकगीत अन्य गीत र विधा भन्दा फरक हुन्छ । लोकगीतको रचनाकार अज्ञात हुँदा यो सामूहिक सम्पत्ति हुने भएका कारण यो लोकप्रिय र सर्वप्रिय विधा मानिन्छ । बौद्धिकतालाई भन्दा हार्दिकतालाई स्वीकार गर्ने लोकगीतले जनमाजसको मन मुटु छुन सफल भएको छ ।

## २.५ लोकगीतको वर्गीकरण

लोकगीतको किसिम छुट्याउने कार्यलाई वर्गीकरण वा प्रकारको विभाजन भनिन्छ । लोकगीत लोकजीवनको लोकप्रिय विधा हो । यो जनमानसको सुख दुःखको साथी हो । लोकगीतले विभिन्न वर्ग, समुदाय क्षेत्रका मानिसहरूको रीतिरिवाज, कला संस्कृति, चाडपर्व, संस्कार, सामाजिक कार्यहरूको वर्णन गर्दै दुःख सुख, हाँसो आँसु, हर्ष विस्मात् जस्ता भावहरू प्रकट गराउँदै आएको छ । विविध जाति, क्षेत्र, सम्प्रदाय आदिमा गाइने लोकगीतले व्यापक क्षेत्र ओगट्ने हुँदा लोकगीतका प्रकारहरू पनि विभिन्न हुन गएका हुन् । लोकगीत बालबालिकादेखि युवा युवती र वृद्ध वृद्धा आदि जुनसुकै उमेरका मानिसहरूले पनि मन पराउने भएको र सबैका चाहना र अभिलाषाहरूलाई पूर्ण गर्ने क्षमताका कारणले पनि यो एउटा सीमित घेराभित्र नअटाई व्यापक प्रकारमा विभाजन हुन पुगेको छ ।

लोकगीतलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले वर्गीकृत गरेका छन् । विभिन्न विद्वान्हरूमा रहेको जिज्ञासा, सोचाइ तथा दृष्टिकोणका आधारमा वर्गीकरण गरिएको छ । जुन यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

भारतीय लोकसाहित्यका विद्वान् डा.कृष्णदेव उपाध्यायले लोकगीतलाई निम्न ६ भागमा विभाजन गरेका छन् । (क) संस्कार सम्बन्धी गीत (ख) ऋृतु सम्बन्धी गीत  ग. प्रेत सम्बन्धी गीत (घ) जाति सम्बन्धी गीत (ङ) श्रम सम्बन्धी गीत (च) विविध गीत (उपाध्याय, १९८० : ६२-६३) ।

त्यसैगरी भारतीय लोकसाहित्यका अर्का विद्वान् सत्यन्द्रले लोकगीतलाई क) साधारण ख) अनुष्ठानिक ग) याचना सम्बन्धी घ) खेल सम्बन्धी भनी लोकगीतलाई ४ भागमा विभाजन गरेका छन् । (सत्यन्द्र, १९७१ : ३३५)

लोकगीतको वर्गीकरण गर्ने क्रममा नेपाली विद्वान्हरूले विभिन्न किसिमले वर्गीकरण गरेका छन् । लोकगीतमा आ-आफ्नो क्षेत्र, जाति, भाषा र सम्प्रदाय अनुसारको पहिचान समेत हुने भएकोले यसको वर्गीकरणमा विविधता आएको देखिन्छ । आफ्नो मौलिकतालाई झल्काउने उद्देश्यले लोकगीतका

विज्ञहरूले लोकगीतलाई आफ्नै ढङ्गले वर्गीकृत गरेका कारण नै लोकगीतका प्रकारगत विविधता पाइएको हो ।

लोकसाहित्यका नेपाली विद्वान् सत्यमोहन जोशीका अनुसार नेपाली लोकगीत निम्न आठ प्रकारको देखाइएको छ ।

(क) भजन -(चुड्का, वालन आदि) ।

(ख) नृत्य सम्बन्धी गीत (सोरठी,मारूनी,घाटु आदि) ।

(ग) प्रेम सम्बन्धी गीत (सोरठी आदि) ।

(घ) चाडपर्व सम्बन्धी गीत (सङ्गिनी,भैलो देउसी आदि) ।

(ङ) सामयिक लोकगीत (मालश्री,दाइँगीत) ।

(च) युद्धक्षेत्रमा प्राण सञ्चार गर्ने (कर्खा) ।

(छ) कथा गाँसिएका लोकगीत (चरित्र) ।

(ज) उत्सवमा झिकिने लोकगीत (चरित्र,रत्यौली) ।

(जोशी, २०१४:१४५) ।

लोक संस्कृतिका अर्का विद्वान् कालीभक्त पन्तले गरेको विभाजन भने यस्तो छ ।

(क) राष्ट्रिय गीत ।

(ख) जिल्ला स्तरीय गीत ।

(ग) ग्राम स्तरीय गीत ।

(घ) जाति स्तरीय गीत ।

(ङ) जातिभाषा स्तरीय गीत ।

(च) पर्व स्तरीय गीत ।

(छ) लोकनाट्य स्तरीय गीत (वालन, कैरा,घाटु, सोरठी आदि)

(ज) कार्य स्तरीय गीत (असारे, दाइँ, युद्धमा गाइने गीत आदि)

(झ) ऋतु स्तरीय गीत (वसन्त, फगुवा आदि)

(पन्त, २०४३ : १४८-१५०) ।

लोकगीतको वर्गीकरण गर्ने क्रममा काजीमान कन्दङ्वाले प्रमुख रूपमा सकर्मक र अकर्मक गरी दुइभेद देखाई ऋतु कालीन र बाह्रमासे भनेर तिनका दुई दुई उपभेद पनि दिएका छन् ।

लहरी, लालुमाई, असारे, मारूनी, मादले, डम्फु, वालन, देउसी, भैलो, तीजे, मालश्री, भजन, सवाई, झ्याउरे आदि गीतका बारेमा पनि चर्चा गरेका छन् । (कन्दङ्वा, २०२२ :.१४८-१५०) ।

लोक साहित्यका अर्का विद्वान् चूडामणि बन्धुको वर्गीकरण यसप्रकार रहेको छ ।

(क) संस्कार गीत

(ख) पर्व गीत

(ग) श्रम गीत

(घ) बाल गीत

(ङ) भजन

(च) प्रेम गीत

(बन्धु, २०३१, : १३-२०) ।

नेपाली लोकगीत सङ्कलन, संरक्षण र सम्बर्द्धनमा लागेका विद्वान् सुवि शाहले लोकगीतलाई (क) लोकलहरी (ख) लोकसङ्गीत र (ग) लोकगाथा गरी ३ भागमा विभाजन गरी लोकलहरी अन्तर्गत पाखे, जङ्गली, सवाई, मालश्री, चाँचरी, जुहारी, सँगिनी, श्लोक, बरादो, कर्खा, खाँडो गरी एघार उपभेद, लोक सङ्गीत अन्तर्गत सोरठी, चरित्र, ख्याली, र झ्याउरे गरी ४ उपभेद र लोकगाथा अन्तर्गत भजन, देउसी, भैलो, वालन, श्लोक गरी ५ उपभेद देखाएका छन् । (शाह, २०६२ : १९१)

जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई निम्न ७ भागमा वर्गीकरण गरी अध्ययन गरेका छन् ।

(क) सामान्य गीत

(ख) संस्कार गीत

(ग) ऋतु वा व्रत गीत

(घ) कर्मगीत

(ङ) पर्वगीत

(च) लोकनृत्य गीत

(छ) विविध गीत

*(थापा र सुवेदी, २०४१) ।*

डा. दयाराम श्रेष्ठका अनुसार लोक गीतको वर्गीकरण निम्न ४ प्रकार रहेको छ ।

(क) संस्कार गीत

(ख) ऋतुगीत

(ग) क्रिया सम्बन्धी गीत

(घ) विविध गीत

*(श्रेष्ठ , २०३८ :१५) ।*

नेपाली लोकगीतको वर्गीकरण र प्रकार निर्धारणमा विद्वान्हरूमा धेरै द्विविधा वा अन्यौल रहेको पाइन्छ । लोकगीतको हालसम्मको अध्ययनबाट र वर्गीकरणबाट सबै पक्षलाई समेट्न सकेको पाइँदैन । वर्गीकरणका कुनै निश्चित आधार वा मापदण्डहरू निश्चित नभएकाले लोकगीतका विज्ञहरू बीच पर्याप्त मतभेद रहेको पाइन्छ । सबै विद्वान्हरूको वर्गीकरणका आधारमा लोकगीतलाई निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### २.५.१ क्षेत्रीय आधार

यस आधारमा लोकगीतहरूलाई वर्गीकरण गर्दा गीतको प्रयोग क्षेत्र वा स्थानलाई आधार मानिन्छ । यसभित्र नेपाली लोकगीतका निम्नलिखित प्रकार देखा पर्दछन् ।

(क) हिमाली लोकगीत :– हिमाली क्षेत्रमा प्रचलित ।

(ख) पहाडी लोकगीत :– पहाडी क्षेत्रमा प्रचलित ।

(ग) तराईली लोकगीत :– तराई क्षेत्रमा प्रचलित ।

(घ) पूर्वेली लोकगीत :– पूर्वी क्षेत्रमा गाइने लोकगीत ।

(ङ) पश्चिमेली लोकगीत :– पश्चिमी क्षेत्रमा गाइने ।

(च) डोटेली लोकगीत :– डोटी क्षेत्रमा प्रचलित ।

(छ) पाल्पाली लोकगीत :– पाल्पा क्षेत्रमा प्रचलित ।

### २.५.२ जातीय आधार

जात जातिका आाधारमा लोकगीत वर्गीकरण गर्नु जातीय आधारमा गरिने लोकगीतको प्रकार हो । जुन लोकगीत कुनै खास जात विशेषमा रहन्छ ।

(क) थारू गीत

(ख) नेवारी गीत ।

(ग) तामाङ् गीत ।

(घ) सेर्पा गीत ।

(ङ) वादी गीत ।

(च) राई गीत ।

(छ) लिम्बू गीत ।

(ज) मगर गीत ।

(झ) बाहुन क्षत्री गीत आदि ।

## २.५.३ उमेरका आधारमा

यस आधारमा लोकगीतका प्रकारहरू निर्धारण गर्दा गीत गाइने उमेर समूहलाई प्रमुखता दिइन्छ । मानिसको अवस्था सधैँ एकनास हुँदैन । मानिसका बाल अवस्था, युवा अवस्था, प्रौढ अवस्था, वृद्ध अवस्था गरी विभिन्न अवस्था हुन्छन् । अवस्था अनुसार मानिसले गाउने र सुन्न चाहने गीत पनि फरक-फरक हुन्छन् । उमेर अनुसार लोकगीतको वर्गीकरण यसप्रकार छ ।

(क) बालगीत वा शिशुगीत ।

(ख) युवागीत ।

(ग) वृद्धगीत ।

## २.५.४ लिङ्गका आधारमा

लिङ्गका आधारमा लोकगीतलाई वर्गीकरण गर्दा नारी वा पुरूष कसले गाइने भन्ने कुरालाई आधार बनाइन्छ । कुनै गीत नारी वा महिलाले र कुनै गीत पुरूषले मात्र गाइन्छ भने कुनै गीत महिला पुरूष दुबैले गाइन्छ । जस अनुसार लोकगीतका प्रकारलाई यसप्रकार विभाजन गरिन्छ ।

(क) नारी गीत :– महिलाले मात्र गाउने गीत तिजे, रत्यौली, मागल, सगुन, फाग जेठे, भैली सँगीनी, बारमास, सैरेली आदि गीतलाई नारी गीत भनिन्छ ।

(ख) पुरूष गीत :– पुरूषले मात्र गाउने गीत दाँइगीत, बालन, देउसी, भुओ, होरी आदि गीतलाई पुरूष गीतको संज्ञा दिइन्छ ।

(ग) नारी-पुरूष गीत :– महिला पुरूष दुबैले गाउने गीत झ्याउरे, देउडा, सलैजो, भोलाउने, असारे आदि गीतलाई नारी पुरूष गीत भनिन्छ ।

## २.५.५ सहभागिताका आधार

यस आधारमा लोकगीतको विभाजनको निर्धारण गाएकको सहभागिताको संख्यालाई आधार मानिन्छ । लोकगीत कुनै एकजनाले, कुनै दुइजनाले र कुनै सामूहिक रूपमा गाइन्छ । जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

(क) एकल लोकगीत :– एकजनाले मात्र गाउने गीत घाँसे, झ्याउरे, जेठे, सालैजो, रोइला, बारमासा, ख्याली, शिशुगीत आदि एकल लोकगीत हुन् ।

(ख) दोहोरी लोकगीत :– दुईजनाले सवाल जवाफका रूपमा गाइने गीत घाँसे, चुड्का, झ्याउरे, बारमासा, असारे, रोइला, ख्याली आदि गीत दोहोरी लोकगीत हुन् ।

(ग) सामूहिक लोकगीत :– दुइभन्दा बढीको सङ्ख्यामा वा समूहमा गाउने गीत देउसी, भैलो, मागल, सेलो, होरी, असारे, शिशुगीत, सैरेली आदि गीत सामूहिक गीत हुन् ।

## २.५.६ प्रस्तुतिका आधार

यस आधारमा लोकगीतको प्रकार निर्धारण गर्दा लोकगीतको प्रस्तुतिको आधारलाई प्रमुखता दिइन्छ । यस आधारमा कुनै गीत वाद्यरहित कुनै वाद्यसहित र कुनै नृत्यसहित प्रस्तुत गरिन्छ । वाद्यरहित र वाद्यसहित गीतहरू श्रव्यात्मक र नृत्य सहितका गीतहरू श्रव्यात्मक र दृश्यात्मक दुवै हुन्छन् । जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

(क) कण्ठ्य गीत :– वाद्यविना मौखिक रूपमा गाइने गीत जस्तैः- मागल, सगुन, देउडा, चुड्का, ख्याली, रसिया, कर्खा, देउसी, भैलो, घाँसे, झ्याउरे, सँगिनी आदि गीतलाई कण्ठ्य गीत भनिन्छ ।

(ख) वाद्य गीत :– बाजाका साथमा गाइने गीत गाइने गीत, बालन, मारूनी हुड्केलो,  सेलो, पडेली, आदि गीतलाई वाद्य गीत भनिन्छ ।

(ग) नृत्य गीत :– नाच्दै गाइने गीत जस्तै : रत्यौली, तिजे, करूवा, ख्याली, देउडा, भोलाउलो, धाननाच, मारूनी, घाटु, सँगिनी, सोरठी, भ्याउरे, सेलो आदि ।

## २.५.७ विषयका आधार

गीतमा प्रयुक्त विषयलाई प्रमुखता दिएर गरिने वर्गीकरणको आधारलाई विषयगत आधार भनिन्छ । यसलाई लोकगीतको प्रमुख भेदकका रूपमा पनि लिइन्छ । यस आधारमा नेपाली लोकगीतलाई निम्न लिखित आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### (क) धार्मिक गीत

विभिन्न धार्मिक अनुष्ठान, व्रत, प्रार्थना, आराधना, आरता, व्रतप्रार्थना, मङ्गलकामना सँग सम्बन्धित गीतहरू धार्मिक गीत अन्तर्गत पर्न आउँछन् ।

### ख) सांस्कारिक गीत

मानिसका जन्मदेखि मृत्यु पर्यन्त विभिन्न संस्कारका अवसरमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । जस अन्तर्गत मागल (जन्म, व्रतबन्ध, विवाह आदि) खाँडो, रत्यौली (विवाह) सगुन, धमारी आदि पर्दछन् ।

### ग) श्रमगीत

खेतीपाती वा अन्य शारीरिक श्रम गर्नु पर्ने समयमा गाइने गीतहरू यस अन्तर्गत पर्दछन् । असारे, घाँसे, दाइँ आदि यस प्रकारका गीतहरू हुन् ।

त्यसै गरी लोकगीतलाई आकारका आधारमा लघुत्तम र लघु तथा समयका आधारमा समसायिक र सदाकालिक भनेर पनि वर्गीकरण गर्न सकिन्छ । समसामयिक उपयुक्त समयमा वा अवसरमा मात्र गाउन सकिन्छ भने सदाकालिक लोकगीत सदाबहार हुन्छन् ।

यसरी माथिको वर्गीकरणले लोकगीतका सबै किसिमलाई समेटेको देखिन्छ । नेपालमा धेरै किसिम वा प्रकारका गीतहरू गाइने भएकाले वर्गीकरणका आधार पनि धेरै र लामो देखिए तापनि यो सरल भएकाले बुझ्न तथा बुझाउन पनि सहज हुन जान्छ ।

# अध्याय - तीन

## सामरी भेगमा प्रचलित लोकगीतहरुको परिचय

### ३.१ मकवानपुरको सङ्क्षिप्त परिचय

नेपाली लोकगीतको विकास उत्थानमा मकवानपुर जिल्लाको योगदान महत्वपूर्ण रहेको छ । देशको मध्य भागमा अवस्थित यो जिल्लामा विभिन्न लोक कलाकारहरूले लोकगीतहरू गाएर अमूल्य योगदान दिनु भएको छ । वि.सं. २०३२ साल तिर 'आलु र तामा हजुर, छेपारालाई जामा' भन्ने गीत रेडियो नेपालमा रेकर्ड गराएर  लोकगीत गायनको श्री गणेश गर्ने लोक गायक सोमबहादुर घलान हुन भने श्री गणेश लाल श्रेष्ठले लोकभजन गाएर लोकगीतलाई अगाडि बढाउने कार्य गरेका छन् । यस जिल्लाका विभिन्न क्षेत्रमा रहेका लोक गायकहरूमा सोमबहादुर लामा (हाल अशक्त), पम्फा थापा मगर, लक्ष्मण बजगाईं, रामसरण तिवारी,  मेम्बर लामा, अर्जुन ढकाल, नारायण रेग्मी दीपक ढुङ्गाना, केशव देवकोटा प्रमुख मानिन्छन् भने अन्य लोकगायकहरू पनि यी लोक गायकहरूवाट प्रभाव ग्रहण गर्दै लोकगीतहरू गाएर चर्चामा आउने प्रयास गरिरहेका छन् । त्यसै गरी मकवानपुरको वर्णन गरेर गाइएका गीतहरू पनि हाल प्रशस्त रूपमा बजारमा सुन्न पाइन्छ । जस्तै :-

हेटौंडा बजार हेर्दा हेर्दै जुध्यो नि नजर
मकवानपुरे दाइ, बाँचेमा भेट होला मरे यत्तिकै
हेटौंडामा वरपीपल चौतारी, भेटिएन मन मिल्ने दौंतरी ।

माथि उल्लेखित गीत बाहेक धेरै गीतहरू गाएर तथा एल्बम प्रकाशित गरेर आफ्नो तथा समग्र जिल्लाको नाम राख्ने तथा योगदान दिने कार्यमा शिवनारायण जोशी, गीता कोइराला, पम्फा थापा मगर तथा नवराज घोरासैनी जस्ता थुप्रै कलाकारहरूले लोक गायनका क्षेत्रमा योगदान दिएका छन् । जसबाट मकवानपुर यसका विभिन्न ठाउँको परिचय देशका विभिन्न भेगका देशबासीहरूले पाएका छन् ।

#### ३.१.१ नामकरण

मकवानपुर जिल्लाको नामकरणका सम्बन्धमा विभिन्न मतहरू रही आएको पाइन्छ । मकवानी नाम गरेका राजाले यस भेगमा शासन गरेकाले 'मकवानपुर' रहन गएको भन्ने भनाइ एकथरीको छ

भने अर्काथरीले "पाल्पाली राजा मुकुन्द सेनले आफ्नो राज्य विस्तारका क्रममा चितवनदेखि पूर्वतिर शिवालिक पहाडको उत्तरी भेगमा रमणीय शहर निर्माण गराई त्यस शहरलाई मुकुन्दपुर र कालान्तरमा त्यस शहरलाई मोकामपुर हुँदै वर्तमान मकवानपुर भएको हो ।" भनेका छन् । (स्रोत: रामचन्द्र आचार्य, फुसर्ती, संस्कृतिविद्) ।


### ३.१.२ अवस्थिति

मकवानपुर जिल्लाको सिमाना पूर्वतर्फ सिन्धुली र काभ्रे उत्तरतर्फ धादिङ, काठमाडौं र ललितपुर, पश्चिमतर्फ चितवन र दक्षिणतर्फ बारा, पर्सा र रौतहट जिल्ला रहेका छन् । देशका बढी जिल्ला सिमाना जोडिएका कमै जिल्ला मध्ये यो पनि एक रहेको छ । विश्व मानचित्रमा ८४ ̇.४१' देखि ८५ ̇३१' पूर्वी देशान्तर र २७ ̇१०' देखि २७ ̇४०' उत्तरी अक्षांशको बीचमा अवस्थित यस जिल्ला समुद्री सतहदेखि १६६ देखि २६०० मिटरसम्म उचाइ रहेको पाइन्छ । २४२६ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस जिल्लामा ४ निर्वाचन क्षेत्र, १ नगरपालिका र ४३ गा.वि.स. रहेका छन् । जनगणना २०६८ को प्रारम्भिक नतिजा अनुसार यस जिल्लाको जनसंख्या ४२७४९८ रहेको देखिन्छ ।

## ३.२ मकवानपुरमा प्रचलित लोकगीतहरूको प्रकार

हाम्रो देश बहुजाति, बहुभाषी तथा बहुसंस्कृति भएको र विविधताले भरिएको छ । लोकगीतका सन्दर्भमा पनि यहाँ विविध खाले गालेकगीतहरू प्रचलित छन् । यहाँ मकवानपुरमा प्रचलित लोकगीतहरूलाई प्रकारगत विभाजन गर्नु सान्दर्भिक हुने हुँदा यस जिल्लामा प्रचलित गीतहरूको प्रकारगत वर्गीकरण यस प्रकार गर्न सकिन्छ ।

*मकवानपुरमा प्रचलित विभिन्न लोकगीतहरू*




मकवानपुर जिल्लामा प्रचलित गीतहरूको वर्गीकरण माथिको खाकालाई हेर्दा सर्वप्रथम दुई भागमा वर्गीकरण गर्न सकिन्छ । (१) सामयिक गीत र (२) सदावहार गीत । सामयिक गीतलाई पनि विविध प्रकारमध्ये यस जिल्लामा प्रचलित गीतहरूमा (क) मागल (ख) खाँडो (ग) रत्यौली (घ) तीजे (ङ) भैलो (च) देउसी (छ) मालश्री (ज) असारे (झ) दाइँ (ञ) मारूनी आदि रहेका छन् भने सादावहार गीत अन्तर्गत (क) घाँसे (ख) दोहोरी (ग) भ्याउरे (घ) सेलो (ङ) सिलोक (च) भजन (छ) बालगीत आदि रहेका छन् । यी गीतका बारेमा पछि प्रकास पारिनेछ ।

## ३.३ सामरी भेगको संक्षिप्त परिचय


ऐतिहासिक तथा सामरिक महत्त्व बोकेको मकवानपुर जिल्लाका विभिन्न स्थानहरू मध्ये सामरी भेग पनि एक महत्त्वपूर्ण ऐतिहासिक महत्त्व बोकेको क्षेत्र वा भेग हो । जिल्लाका ४३ मध्ये ३ वटा गा.वि.स. अटाएको यस भेगमा आमभञ्ज्याङ्ग तथा सुकौराका सम्पूर्ण वडाहरू र मकवानपुर गढीका वडा नं. १ र २ बाहेकका अन्य सातवटा वडाहरू रहेका छन् । महाभारतको दक्षिण तथा चुरे ( शिवालिक) पर्वतको उत्तरी काखमा अवस्थित यस क्षेत्र वा भेग समुद्र सतहदेखि ५०० देखि १००० मिटरसम्म उचाइमा रहेको पाइन्छ । करिब ४०००० जनसङ्ख्या बसोबास गर्ने यस भेगमा देशका अन्य

खाले सभ्यता र संस्कृतिले स्थान पाएको देखिन्छ । थोरै स्थानमा ऐतिहासिक महत्त्व बोकेका कारण पुरानो वस्ती रहेको र अधिकांश स्थानहरूमा नयाँ बस्ती बसेको पाइने यस भेगको उत्तरतिर बूढीचौर गा.वि.स. महाभारत शृङ्खला, दक्षिणतिर हेटौंडा नगरपालिकार पूर्वतिर ठिङ्गन गा.वि.स.र पश्चिमतिर भैंसे निवुवाटार गा.वि.स. अवस्थित रहेका छन् । प्रसिद्ध सामरी खोलाका नामबाट यस भेगको नाम सामरी रहन गएको किंवदन्ती प्रचलित रहेको पाइने यस भेगका अधिकांश मानिसहरू खेतीपाती र पशुपालन कार्यमा संलग्न रहेका पाइन्छन् । ऐतिहासिक गढी दरवार र प्रसिद्ध धार्मिक स्थल मनकामना मन्दिर यसै क्षेत्रमा भएकाले पनि यस भेगको महत्त्व बढ्ने गरेको छ । यस क्रममा यस भेगमा विभिन्न लोकगीतहरू गाइन्छन् । जुन यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

## ३.४ सामरी भेगका लोकगीतहरूको वर्गीकरण

माथि मकवानपुर जिल्लामा गाइने लेकगीतहरूको वर्गीकरण तथा चर्चा गरियो । यसका साथसाथै सामरी भेगमा पनि विभिन्न प्रकृति र स्वरूपका लोकगीतहरू समय समयमा गाइने हुँदा तिनीहरूको पनि केही चर्चा परिचर्चा र वर्गीकरण गरेर अध्ययन गर्नु अध्ययनको उद्देश्य रहेको कारण त्यस भेगमा गाइने लोकगीतको वर्गीकरण निम्न अनुसार गर्न सकिन्छ ।

सामरी भेगमा गाइने लोकगीतहरू कुनै चाड पर्वको अवसर पारेर कुनै खेतीपातीको कार्य गर्दा र कुनै धार्मिक संस्कार र सामाजिक परिवेशका आधारमा गाइने भएकाले ती गीतहरूलाई समेट्न सरल आधारको सहायता लिनु पर्ने देखिन्छ । यसैलाई आधार मान्दा सामरी भेगमा प्रचलित लोकगीतहरूलाई यसप्रकार वर्गीकरण गर्न सकिन्छ ।




लोकगीतको इतिहासमा यस भेगको आफ्नै अस्तित्त्व तथा मौलिक पहिचान रहेको छ । यस भेगमा विभिन्न पर्व ऋतु, उत्सव, संस्कार एवम् खेतीपाती गर्ने क्रममा विभिन्न गीतहरू गाउने गरिन्छ । जसलाई क्रमशः तल प्रस्तुत गरिन्छ ।

### ३.४.१ संस्कार गीत

संस्कार गीत भन्नाले गर्भाधानदेखि मृत्युसम्म मानवका निम्ति गरिने विभिन्न क्रियाकलाप भन्ने बुझिन्छ । संस्कार भन्नाले “अवगुण र दोष हटाएर परिष्कार वा परिमार्जन गर्नु भन्ने हुन्छ ।” (थापा र सुवेदी, २०४१ : १०८) । वेदमा ब्राह्मण जातिले गर्भाधानदेखि मृत्युसम्म १६ संस्कार मानिएको छ । जे जसो भए तापनि मानिसका विभिन्न संस्कारहरूमा यस भेगमा विभिन्न गीतहरू गाउने चलन छ । जुन यस प्रकार उल्लेख गर्न सकिन्छ ।

### ३.४.१.१ मागल

तत्सम शब्द ‘मङ्गल’ बाट अपभ्रंश भई बनेको मागलको अर्थ शुभकार्य भन्ने हुन्छ । कुनै पनि शुभकार्य गर्दा गाइने गीत विशेषलाई मागल भन्ने गरिन्छ । मागल जन्म, न्वारन व्रतवन्धजस्ता संस्कार तथ विवाह, यज्ञ, पूजाआजाजस्ता शुभकार्य गर्दा कुनै पनि किसिमको वाधा विध्न वा अवरोध नआओस् र उक्त कार्य शुभ वा मङ्गल होस् भन्ने अपेक्षाका साथ मागल गाउने चलन सामरी भेगमा प्रचलित छ । मागल खासगरी अविवाहित वा कन्याहरूले सुआरम्भमा गाउने प्रचलन रहेको पाइन्छ । नारीहरूले

गाउने भएकोले नारी प्रधान गीत र वाद्ययन्त्र विना गाइने भएकोले कण्ठ्य गीतका रूपमा यसलाई लिइन्छ । मागल गीतमा देवीदेवताहरू गणेश, ब्रह्मा, सरस्वती दुर्गा आदिको आरधना वा स्तुति पनि गरिने हुँदा स्तुति गीतका रूपमा यस गीतलाई लिइन्छ । बदलिँदो परिस्थितिका कारण मागलको प्रचलन घट्दै गएकोले यसको जगेर्ना गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्नु नितान्त आवश्यक देखिन्छ । खासगरी विवाह ब्रतमन्ध आदिमा यस्ता गीत गाइने चलन सामरी भेगमा पनि रहेको पाइन्छ । विवाहमा गाइने मागलको एक उदाहरण यस प्रकार छ ।

लगन भयो.....लगन भयो ............

शुभै लगन............भैगयो आज देवता..........शुभ जग्गेमा

आऊ गृह वेदै पाठ ......गरेको............

बसै आऊ शुभै गृहमा

नर यसै गृहमा..........बाछा, पाठा नाचेको

कसै आऊ यसै गृहमा कसै आऊ यसै गृहमा ।

*स्रोत : तुलामाई आचार्य,*

*आमभञ्ज्याङ्ग, ४ मकवानपुर ।*

### ३.४.१.२ खाँडो गीत

सामरी भेगमा प्रचलित विभिन्न संस्कार गीतहरूमध्ये खाँडो पनि एक हो । खाँडो तत्सम शब्द 'खड्ग' बाट अपभ्रंश भई निर्मित शब्द हो । नेपाली बृहत शब्दकोशमा खड्गको अर्थ क्षत्री जातिहरूको विवाहमा मण्डपमा हातमा तरवार लिएर गाइने राजस्तुति, वीरगाथा आदि भनेर उल्लेख गरेको पाइन्छ । (पोखरेल र अन्य सम्पा.२०४० :२९४) । विवाहको मण्डपमा विवाहसँग सम्बन्धित सम्पूर्ण कार्य समाप्त भएपछि जन्ती पक्षका एकजना वरवधुका अगाडि हातमा खड्ग लिएर खाँडो ठ्याक भन्दै जग्गेमा गाडिएको केराको खाँबोलाई हानेर ढाली खाँडोको अन्त्य गरिन्छ । यस भेगमा प्रचलित खाँडोको नमूना यस्तो छ ।

प्रथम गणेश पुन्य पुकार है

सावित साबुत माया कोखीसाला है ।

विजय सपना भए वनारसी बासा है

कोटी लिङ्ग कोटी टेकु नारीको ढोका छेकु

नजर पाटन नियाँ नीति चौदण्डीको लापसा
हेटौंडाको जगर खाई फर्को राजा आफैं घर
नेपालको पाए बर
अब जाम्ला काशी है ।

*स्रोत : विरबहादुर गौतम*
*गढी,६ मकवानपुर ।*

### ३.४.१.३ रत्यौली

रत्यौली विवाहको अवसरमा गाइने एक प्रकारको गीत हो । नारीहरूले मात्र गाउने भएकोले यसलाई नारी प्रदत्त गीत भनिन्छ । बेहुलो अन्माएपछि बेहुलाको घरमा महिलाहरू जम्मा भएर नाचगान गरेर रमाइलो गरी गीत गाउने गर्दछन् । रत्यौलीमा महिलाहरू प्रेमपरक हाँस्यव्यङ्ग्यपरक र अश्लील खालका गीत गाएर र पुरूषको प्रतीक स्वरूप पुरूषको भेषमा जोगी बनेर गीतहरू गाउने र नाच्ने गर्दछन् । अन्य स्थानको तुलनामा अश्लीलता कम हुने हुँदा सामरी भेगमा भने पुरूष प्रवेशलाई पूर्णतया निषेध गरिएको पाइँदैन । जोगीले बेहुलाको आफन्तहरूलाई तानी तानी नचाउने गरेको पाइन्छ । आजभोलि महिलाहरू पनि जन्ती जाने क्रम बढेकाले रत्यौलीको रौनकता घट्दै गएको पाइन्छ । यस भेगमा गाइने रत्यौलीको नमूना यस प्रकार छ ।

गए दाजु सुपारी टोक्दै, आउँछिन् भाउजु घुम्टोले मुख छोप्दै ।
आउँछिन् घरमा बेहुली नौली, दिदी बैनी खेलौन रत्यौली
जेठ गयो आउँदैछ  असार, भोक लाग्यो खाउँ अब कसार ।
शून्य भयो बेहुलाको आँगन, एउटा चुरोट दिन्छन् कि मागन
आलु बोडी तरकारी तामाले, नाच्नु पर्‍यो बेहुलाको आमाले
नाच्ने गाउने नगरौं अबेला, बेहुली आउने भैसक्यो लौ बेला
सरर नाचिदेउ धन, भोलि नाच्न पाइएन नभन ।
मकै भुट जुनेलो भुट, बूढी आमा बुहारी नकुट

*स्रोत : सीता तिमल्सिना*
*आमभञ्ज्याङ्ग, ३ मकवानपुर*

अश्लीलताको एक नमूना

बारीका डल्ला सय पाथी ।
दुलाहाकी दिदीले पोइ साटी ॥
नुने डोको पानी डोको खप्प खेपाइदे ।
दुलाहाको दिदीलाई भुँडी बोकाइदे ॥
ढल्न लाग्यो केरा घरी चोके लगाइदे ।
दुलाहाकी दिदीलाई बोके लागइदे ॥

*स्रोत : संगीता थापा*
*सुकौरा, ३ मकवानपुर*

### ३.४.२ पर्व गीत

नेपाल विविध चाड पर्व र संस्कृतिको खानी भएको देश हो । यहाँ विभिन्न चाडपर्वहरू मान्ने प्रचलन छ । देशका अन्य भागमा जस्तै सामरी भेगमा पनि विभिन्न चाड पर्वहरू मनाइने गरिन्छ । यसै क्रममा विभिन्न गीतहरू गाउने गरिन्छ । त्यसलाई पर्वगीत भनिन्छ । पर्व गीतले चाडवाडको समयलाई अझ रौनक र उल्लास जगाउने गर्दछ ।

यस भेगमा तीजको अवसरमा तीजे, दशैंमा मालश्री र तिहारमा भैलो र देउसी गीत गाउने चलन रहेको छ । जसलाई यस प्रकार व्याख्या गर्न सकिन्छ ।

### ३.४.२.१ तीजे गीत

तीजलाई हिन्दु नारीहरूको महान पर्व मानिन्छ । तीज भाद्रशुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइन्छ । यस पर्वमा यस भेगका महिलाहरू पनि देशका अन्य स्थानका महिलाहरू जस्तै माइती जाने, दर खाने, व्रत बस्ने, पूजाआजा गर्ने तथा आफ्ना मनका भावनाहरूलाई धक फुकाएर गीतका रूपमा अभिव्यक्त गर्ने प्रचलन रहेको छ ।

तीज पर्वमा अविवाहित महिलाहरू सुयोग्य वर पाउन र विवाहित नारीहरू पतिको दीर्घायूको कामना गर्दै शिव मन्दिरमा गई पूजाआजा गरी साथी सङ्गीहरू मिलेर धुमधामका साथ गीत गाएर तीज

पर्व मनाउने गर्दछन् । आफूमाथि आइपर्ने वा परेका समस्या र विपतदेखि नारी चेतना, सामाजिक तथा राजनीतिक चेतना समेत अभिव्यक्त गर्न तीजमा गीत गाउने गरिन्छ ।

नमूना नं. १

तराइ पहाड गाउँ सहर भाका जति सबैलाई
हे..हे...तीज आयो भनी कति खुशी होला हौ ।
रातो साडी हातमा चुरा शिरमा सिन्दुर भरेर ।
हे...हे...मनका पीडा बिर्सिएर खुशी रहेर ॥
उनले भन्छिन् आयो तीज माइती जाँदा भेटौँला ।
माइती घरको आँगनमा छम्छम् नाचौँला ॥
रातो सारी हातमा चुरा गहनाले सजाउँदै ।
छमछम नाच्छिन होला पाउजु बजाउँदै ॥
वर्ष दिनको तीजमा पनि माइती लिन नआउँदा ।
धुरूधुरू रून्छिन् होला जान नपाउँदा ।
दुःख पा'को चेली देख्दा कसले भन्दछ र ।
हे.....हे...यस्तै रैछ हेर शिव झुट्टा संसार ॥

*स्रोत : चण्डिका बालक्लव, गढी-४ मकवानपुर*

नमूना : २

तीजको रमझमी दिदी बहिनी नाचौँ छमछमी
तीजको लहर माइत जाने रहर

सुख दुःख जसो तसो माइती घरमा आइयो
आमाले नै पकाएको मीठो दर नि खाइयो
टाढाबाट माइती घरमा सङ्गीनीलाई भेटियो
यो मनको तिर्सना नि तीजकै बेला मेटियो
तीजको रमझमी रमझमी दिदी बहिनी नाचौँ छमछमी
तीजको रहर माइत जाने सबको रहर ।

खुट्टा मेरा दुखीसके पाखा धाउँदा
कोही चेली त रूँदै होलान् माइती लिन नआउँदा
तीजको रमभ्कमी दिदी बहिनी नाचौँ छमछमी
तीजको लहर माइत जाने सबको रहर ।

-स्रोत : रमा देवकोटा
आमभञ्ज्याङ्ग-९ मकवानपुर

### ३.४.२.२ मालश्री/मालसिरी

सामरी भेगमा गाइने पर्व गीतहरू मध्ये मालश्री पनि एक हो । मालश्रीको गायन समय दशैं पर्वभर हुने गर्दछ । यस गीतमा देवी दुर्गाका स्तुति हुने भएकोले यसलाई स्तुति गान पनि भन्ने गरिन्छ । यस गानका साथसाथै शक्ति स्वरूपा देवी दुर्गालाई फूल अक्षता धूप दीप र नैवेद्य चढाइ आराधना गरिन्छ । वाद्यरहित यस गीतलाई कतै कतै सनाइका साथ पनि गाइने गरिएको पाइन्छ । एकल तथा सामूहिक रूपमा स्वर अलापेर गाइने यस गीतको एक उदाहरण यस्तो छ ।

जय जय काली माता अम्बे भवानी ।
देवी लक्ष्मी सरस्वती भगवती ॥
दर्शन देऊ .......दर्शन देऊ.....हे शक्ति रूपिणी ।
देवको दुःखलाई शान्त पार्ने रक्षक भइ रक्षा गर्ने
जगतको शक्ति भएकी मातादेवी भगवती ॥

टाउकोको माला लाएकी खड्ग त्रिशुल हातमा लिएकी
असिम शक्ति भएकी धर्तीलाई कमाएकी............।
शिरमा जय भएकी हे शक्ति रूपिणी रूद्रायणी
दैत्य नाशक इन्द्रयणी जगतको पालनकारी
मोहिनी रूपिणी शक्ति धारिणी देवी भगवती कालीमाता
दैत्यको रगत चुसीनास पार्ने अम्बे भवानी..........।

देवी लक्ष्मी सरस्वती भगवती ................।
दर्शन देऊ ..........दर्शन देऊ हे शक्ति रूपिणी ........॥
देवी भगवती, सरस्वती माता हामी आयौँ तिम्रो शरणमा
जय जय काली जय महाकाली भक्तहरूको पाप विनाशिनी
देवताहरूको संकट हेर्ने भक्तहरूको रक्षा गर्ने ॥
पालनकर्ता सबदु:ख हर्ता दैत्यहरूको संहारकर्ता
शुम्भ निशुम्भको प्राण हुर्ने हे विन्ध्यबासिनी माता ॥

*स्रोत : पूर्णप्रसाद अधिकारी*

*आमभञ्ज्याङ्, ६ मकवानपुर*

### ३.४.२.३ भैलो गीत

सामरी भेगमा प्रचलनमा रहेका पर्वगीतहरूमध्ये तिहार पर्वमा गाइने भैलोगीत पनि एकगीत हो । यो गीत कार्तिक कृष्ण औँसीका दिन घरघरमा दीपावली गरे पश्चात सामूहिक रूपमा घरदैलो पुगेर दाजुभाइ र दिदीबहिनीको सम्बन्धको बारेमा विशेष रूपले र अन्य विषयमा मीठो भाकामा यसै दिनलाई आधार मानी यसको स्थायी वा अन्तरा निर्धारण गरिएको पाइन्छ । विभिन्न विषयवस्तु निर्धारण गर्दै अन्त्यमा हे औशीबार गाईतिहार भैलो भनेर उक्त हरफलाई बारम्बार दोहोऱ्याइन्छ । महिला र पुरूषले गाउने भैलो फरक फरक प्रकृतिको हुन्छ । पुरूषहरूले देउसीको शैलीमा भैलो गीत गाउँछन् भने महिलाहरू रसिलो र सुरिलो भाकामा भैलो गीत गाउने गर्छन ।

*भैलो गीतको उदाहरण यस्तो छ ।*

भैलीनी आइन आँगन गुन्यु चोलो मागन

हे औंशी बार गाई तिहार भैलो ।
हामी त्यसै आएनौं, बलिमा राजाले पठाको
हे औंशी बार गाई तिहार भैलो
छाना भरी घिरौंला के के दिन्छन् हेरौंला ।
हे औंशी बार गाई तिहार भैलो

दैलामाथि लेखेको लक्ष्मीले देखेको

हे औंशी बार गाई तिहार भैलो

भैलीनी आइन आगन गुन्यु चोलो मागन

हे औंशी बार गाई तिहार भैलो

भैलीनी आइन आगन बडारी कुँडारी राखन

हे औंशी बार गाई तिहार भैलो

*स्रोत : गीता ढकाल र साथीहरू*
*आमभञ्ज्याङ्ग, ३ मकवानपुर*

*आषिशको एक नमूना*

जसले दिन्छ मुठी, उसको सुनको मुठी

हे औंशी बार गाई तिहार भैलो

जसले दिन्छ पाथी उसकै सुनको छाती

हे औंशी बार गाई तिहार भैलो

घोडा बाँध्ने तबेला, हामीलाई भयो अबेला

हे औंशी बार गाई तिहार भैलो

ए ऐले आउँदा..........................भैलेनी

ए खरको छानो ..........................भैलेनी

ए आघौं आउँदा..........................भैलेनी

ए सुनको छानो ..........................भैलेनी

ए भइ जाओस् ..........................भैलेनी

*स्रोत : रचना तिमल्सिना र साथीहरू*

*आमभ्ञ्ज्याङ्ग, ५ मकवानपुर*

### ३.४.२.४ देउसी

सामरी भेगमा प्रचलित विभिन्न पर्व गीत मध्ये तिहारमा गाइने देउसी गीत पनि एक गीत हो । यो यम पञ्चकको चौथो दिन अर्थात हल तिहारको दिनमा पर्दछ । भैलो विशेष गरी महिलाहरूले गाउँछन् भने देउसी खास गरी पुरूषहरूले मात्र गाउने चलन छ । भैलोमा जस्तै देउसी खेल्न समूह बनाएर घरघर पुगी घरमालिकलाई हौस्याएर फुर्काएर बढी भन्दा बढी रूपियाँ पैसा राख्न अनुरोध गर्ने

गरेको पाइन्छ । देउसी खेल्दा दिएको आर्शीवादले देवताले श्रीसम्पत्ति बृद्धि गराउँछन् भन्ने किंवदन्ती यहाँ प्रचलित छ । यस भेगमा देउसी विशेष रूपमा युवाहरूले खेल्ने गरे तापनि बालबालिका र वृद्ध व्यक्तिहरूले समेत खेल्ने गरेको पाइन्छ । यो वाद्य रहित कण्ठ्य गीत भए तापनि हिजो आज पाश्चात्य सङ्गीतका विभिन्न वाद्ययन्त्र प्रयोग गर्न थालिएबाट यसको मौलिकतामाथि प्रश्न चिन्ह खडा भएको छ ।

*यस गीतको उदाहरण यस प्रकार छ ।*

ए भन भन भाइ हो.......................देउसीरे

ए राम्ररी भन...............................देउसीरे

ए हजुरको घरमा .........................देउसीरे

ए नमानी सरम ..........................देउसीरे

ए आइपुग्यौँ हामी .......................देउसीरे

ए पल्लो घरमा ...........................देउसीरे

ए जान्ने सुन्न भनी ......................देउसीरे

ए नमानी झर्को ..........................देउसीरे

ए होइनौ हामी अर्को ....................देउसीरे

ए घरबेटी आमा ..........................देउसीरे

ए उठ्नु भयो ..............................देउसीरे

ए वर्ष दिनको ..............................देउसीरे

ए चाड मनाउन ...........................देउसीरे

ए सधैंमा आउने ............................देउसीरे

ए माग्ने होइनौं हामी ......................देउसीरे

ए वर्ष दिनमा ..............................देउसीरे

ए एक चोटी .................................देउसीरे

ए आउँछौं हामी .............................देउसीरे

ए आकाशमा हेर्दा ...........................देउसीरे

ए झिलिमिली तारा .........................देउसीरे

ए घुँडामा हेर्दा ..............................देउसीरे

ए रगतका धारा ............................देउसीरे

ए यहाँमात्र हैन .............................देउसीरे

ए अन्त पनि .................................देउसीरे

ए जानु पर्छ ..................................देउसीरे

*स्रोत : युवराज तिमल्सिना र साथीहरू*

*आमभञ्ज्याङ्ग-६,मकवानपुर*

देउसी खेल्दा देउसेहरूलाई घर मालिकले अन्न पैसा तथा सेलरोटी फलफूल दिएर विदा गर्ने चलन यस भेगमा रहेको छ विदा हुनु अघि घरवेटीलाई राम्रा राम्रा आशीर्वाद दिने चलन देशका अन्य भागमा जस्तै सामरी भेगमा पनि रहेको देखिन्छ ।

ए यो घरमा................................देउसीरे

ए लक्ष्मीले ..................................देउसीरे

ए बासै गरून्................................देउसीरे

ए माटो छुँदा.................................देउसीरे

ए अन्नै होओस् .............................देउसीरे

ए पानी छुँदा..................................देउसीरे

ए तेल होओस् ...............................देउसीरे

ए ढुङ्गा छुँदा...................................देउसीरे

ए सुनै होओस् ...............................देउसीरे

*स्रोत : ऐजन*

### ३.४.३ व्रत तथा उत्सव सम्बन्धी गीत

यस भेगमा विभिन्न व्रत तथा उत्सवहरू मनाउने भएकाले ती समारोहरूमा पनि विभिन्न गीतहरू गाउने चलन रहिआएको छ । विशेष गरी पूजाआजा मेला पर्वहरूमा यस प्रकारका गीतहरू गाएर आनन्द लिने तथा दिने प्रचलनले यस क्षेत्रको संस्कृतिलाई जगेर्ना गर्ने अवसर दिएको पाइन्छ । यस क्षेत्रमा गाइने भजन कीर्तन तथा आरती जस्ता गीतहरूले भगवानप्रति आस्था एवम् विश्वास प्रकट

गर्ने कार्य गरेको पाइन्छ । विशेष गरी पूजाआजा जात्रा मेला जस्ता उत्सवहरूमा ठूलो सङ्ख्यामा नरनारीहरू उपस्थित भएर गीतहरू गाइ रमाइलो गर्ने प्रचलन रहेको छ । विशेष गरी सत्य नारायणको पूजा लगाउँदा रातभर जाग्रत बसेर भजन गाउने गरेको पाइन्छ भने विभिन्न मन्दिरहरूमा आरती जगाउँदा आरती गाउने चलन छ ।

### ३.४.३.१ कीर्तन

कीर्तन भगवानप्रति आस्था राख्नेहरूले गाउने गर्दछन् । यस्ता खाले कीर्तन पूजाआजाका क्रममा खासगरी व्रतालुहरूले देवताहरूको प्रार्थना गर्दा गाउने गर्दछन् । कीर्तनको एक नमूना यसप्रकार छ ।

श्रीकृष्ण गोविन्द हरे मुरारे
हे नाथ नारायण वासुदेव
हरे राम हरे राम राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे
राधेश्याम राधेश्याम श्याम श्याम राधे राधे
राधेकृष्ण राधेकृष्ण कृष्ण कृष्ण राधे राधे

स्रोत : देवी अधिकारी
आमभञ्ज्याङ्ग-३, मकवानपुर

### ३.४.३.२ चुड्का भजन

यस भेगमा प्रचलित गीतहरू मध्ये चुड्का भजन पनि एक हो । यो भजन गाउनका लागि यस भेगमा विभिन्न भजन मण्डलीहरू सक्रिय छन् । रामायण र महाभारतका विभिन्न कथावस्तुहरूलाई आधार बनाएर यस भेगमा भजन गाउने गरेको पाइन्छ । हिजोआज व्यक्तिमात्र नभएर वातावरणीय सरसफाइ र सामाजिक चेतना जागरणका लागि पनि लोक भजन गाउने गरेको पाइन्छ । खैंजडी, मजुरा जस्ता वाद्ययन्त्र सहित सामूहिक रूपमा गाइने र अनौठो नृत्यले पनि अझ यसलाई आकर्षित तुल्याएको पाइन्छ । यस क्षेत्रका भजन मण्डलीले यहाँमात्र नभई अन्य भेगमा समेत भजन गाएर ख्याती कमाएको पाइन्छ । रामायणको कथामा आधारित एक चुड्का भजनको नमुना यस प्रकार छ ।

सुन बुटे मृग मार्न श्रीराम गए वनमा
रावणले सीता हर्न लियो इच्छा मनमा
नारायण.............
हरि हरि
अलख लगाउँदै हरे राम अलख लागाउँदै हरे राम
कैला केशले जोगीको भेषले अलख लगाउँदै ।
ह ह ह ह ह ह ह ह ह ह ह ह
मृग डरायो हरेराम मृग डरायो
पारि पट्टि वनमा सबजनको मनमा
मृग डरायो हरेराम मृग डरायो

जाऊँ जाऊँ हेर्नलाई
रामचन्द्रलाई मार्‍यो क्यारे
जाऊँ जाऊँ हेर्नलाई
हरे राम जाऊँ जाऊँ हेर्नलाई ।
गए निस्केर हरे राम गए निस्केर
दाइलाई भेट्न भनी कन गए निस्केर

*स्रोत : अर्जुन ढकाल र साथीहरू*
*आमभञ्ज्याङ्ग र गढी, मकवानपुर*

### ३.४.३.३ मारूनी

मारूनी एक नृत्य गीत हो । यसको खास क्षेत्र पश्चिम नेपालको लुम्बिनी, गण्डकी र धौलागिरि क्षेत्रका मगर सम्प्रदायमा प्रचलित भए तापनि सामरी भेगका केही क्षेत्रमा बसोवास गर्ने मगर तथा उल्लेख्य सङ्ख्यामा रहेका तामाङ समुदायमा प्रचलित रहेको पाइन्छ । यस क्षेत्रमा लाग्ने विभिन्न मेलाहरू जस्तै एकादशी मेलामा मकवानपुर गढी जात्रामा, सुकौराको तरूबाँसमा लाग्ने जात्रा तथा घरघरमा गरिने पूजाआजाको समयमा यो नृत्यगीत प्रस्तुत गरिन्छ । युवतीको भेषमा युवकलाई नचाएर

गरिने यो गीति नृत्य अति रोमाञ्चक हेर्न लायक देखिन्छ । यस नृत्यमा नाच्ने मारूनी नियन्त्रण र सञ्चालन गर्ने गुरू, भाग लिने, गाउने गायक र मादल बजाउने मादले जस्ता लोक कलाकारहरू रहेका हुन्छन् ।

मारूनी गीतको एक नमुना यस प्रकार छ ।

आकाशैको काले वादल हो - पानी पर्छ झमझम
नाचन मेरी मारूनी आँगनमा छमछम...........॥
उडीजाने पुतली सैलुङ डाँडो काट्यो
तिमीले हामीले लाको माया बालसरी फाट्यो नि लै लै हो.......।
घुन घुन गर्ने मदलु त हो रन्को दिने कासो
आज राति सपनीमा पापिनीको हाँसो नि लै लै हो ।
आकाशको कारङकुरूङ हो.......भुइँको खजुरीलाई
मरेदेखि गंगाजीलाई बाँचे हजुरीलाई लाई नि लै लै हो.........।
उकालीमा जाँदा जाँदा हो..........दाहिने पऱ्यो बर
वनमा एक्लै गाई चराउने कहाँ हो तिम्रो घर लै लै हो.........।
सिकार खेल्ने सिकारीले हो........माउचरीलाई ताल्छु
यति राम्री पातलीलाई लौजाउँ-लैजाउँ लाग्छ नि लै लै हो

*स्रोत : मेम्बर लामा*
*आमभञ्ज्याङ्ग, ४, मकवानपुर*

### ३.४.४ श्रम गीत

हाम्रो देश नेपाल कृषि प्रधान देश हो । हाम्रो देश कृषि प्रधान देश भए जस्तै यस अध्ययन क्षेत्रको जनजीवन पनि कृषि पेशाको सेरोफेरोमा नै रहेको पाइन्छ । यस क्षेत्रका अधिकांश मानिसहरू खेतीपातीबाट नै आफ्नो जीवन निर्वाह गरिरहेको पाइन्छ । खेतीपाती वा शारीरिक श्रमको सिलसिलामा आफ्ना दुःख पीडा भुल्न यहाँका मानिसहरूले पनि गीत सङ्गीतको साहारा लिएको पाइन्छ । श्रमका

साथसाथै आफ्ना भावहरू प्रकट र्न यस प्रकारका गीत गाउने गर्छन् । त्यसैलाई श्रमगीत भनिन्छ । यस्ता गीतहरूमा असारे, दाइँ आदि पर्दछन् ।

### ३.४.४.१ असारे

सामरी भेगमा प्रचलित विभिन्न श्रम गीत मध्ये असारे एक प्रमुख गीत हो । असारको रिमझिमे पानीसँगै खेत रोप्ने क्रममा हली बाउसे तथा रोपाहारहरूले यो गीत गाउने गरेका छन् । छुपु छुपु हिलोमा धान रोप्ने रोपाहार गोरू जोत्ने हली तथा गरा सम्याउने बाउसेहरूले एकल वा दोहोरी रूपमा यो गीत गाउने गरेको पाइन्छ । हाँस्यव्यङ्ग्यात्मक तथा स्वभाविक रूपले पनि गाउन सकिने यस गीतले खेती पातीमा हुने कठिनाइको केही मात्रामा भए पनि कमी गराउने गर्दछ । यस भेगमा गाइने असारे गीतको नमुना यस प्रकार छ ।

असारको महिना घरमा कोही छैन खेतवारीमा व्यस्त छौं ।
गर्छौं खेतीपाती भित्र्याउँला आय जति थकाइ लागे घाँसे गीत गाऔँ ।
कर्कलाको गावा हो कि होइन बाबा थकाइ लागे............।
गोठाले छैन गोठाले म होइन धानबारीमा चर्‍यो गाई
हो होइन तर आँफै विचार गर धानबारीमा चर्‍यो गाई
संस्कृति र कला नबिर्सिनु होला आमभञ्ज्याङ्गका दाजुभाइ
हो होइन तर आफैं विचार गर आमभञ्ज्याङ्गका दाजुभाइ
कमाएको धन हार लाइलाइकन दाहिने हातले भनेर
लरीमा लरी ऐसा राम्रो गरी दाहिने हातले गनेर
दौडेर आयौ झ्याम्मै माया लायौ हुँ कि विदा भनेर
फेरि पनि आउँला यस्ता माया लाउँला हुँ कि बिदा भनेर

*स्रोतः रामसरण तिवारी*
*आमभञ्ज्याङ्ग-३, मकवानपुर*

### ३.४.४.२ दाइँ

सामरी भेगमा प्रचलित विभिन्न श्रमगीतहरू मध्ये दाइँ गीत पनि एक हो । असारे गीत असार महिनामा गाइन्छ भने दाइँ गीत मङ्सिर महिनामा गाउने गरिन्छ । पाकेको धानलाई कुन्यू लागाई राखेको केही दिनपछि खेतको गरामा खलो बनाई त्यसमा साल वा बाँसको मियो बनाएर झारेको धानको बिटा चारैतिर छिरोलेर त्यसमाथि गोरू हिँडाएर बाँकी रहेको धान झार्ने कार्य गरिन्छ । यसै क्रममा दयँरेहरूले गीत गाउने गर्छन् । त्यसैलाई दाइँगीत भनिन्छ । दाइँ गीतको एक नमूना यस्तो छ ।

मियोको टुप्पामा बसी हाल्यो कोइली
काम गर दयँरे हो भर्खरै खायौ डढेको चोइली
हिउँचुली हिमालमा हो मेरो वरादो (झुल्की हाल्यो घाम)२
हो मेरो वरादो धान जति झारी सक्यो बाँकी रह्यो परालको काम
दैलोमाथि सङ्घारमा वडा पत्र लेखेँ हो मेरो वरादो राम दङ्ग पऱ्यो
भन्न थालिन सीताजीले हो मेरो वरादो हो अव वन जाने
सिकार गर्ने गिट्टा टिप्ने भोजन त्यही खाने

*स्रोत : रामप्रसाद न्यौपाने*
*आमभ्ज्याङ्ग, ५, मकवानपुर*

### ३.४.५ बाह्रमासे गीत

सामरी भेगमा प्रचलित विभिन्न लोकगीतहरूमध्ये बाह्रमासे गीतहरू पनि रहेका छन् । यी गीतहरू गाउन कुनै समय वा अवसरको पर्खाइमा रहनु पर्दैन । गीत गाउनेलाई जहिले मन लाग्यो त्यही बेला गाउन सक्छ । यस्ता गीतहरू सबैभन्दा बढी गाउने लोकगीतको रूपमा रहेको पाइन्छ । यस्ता गीतहरू जुनसुकै समयमा जुनसुकै उमेरका मानिसले गाइने भएकोले यसलाई बाह्रमासे गीत भनिएको हो । यस्ता गीतहरूमा घाँसे, झ्याउरे, दोहोरी, सेलो आदि पर्छन । यसका उदाहरणहरू तल क्रमशः प्रस्तुत गरिन्छ ।

#### ३.४.५.१ घाँसे

यो भेगका प्रचलित गीतहरूमध्ये घाँसे पनि चर्चित एक गीत हो । यो गीत यहाँका मानिसहरूले घाँसपात, दाउरा, मेला वनपात आदि अवसरमा गाउने गर्दछन् । विशेष गरी आफ्ना मनका पीडा र

दुःखहरू पोख्न महिलाहरूले यसलाई माध्यम बनाए तापनि यो पुरूषले पनि गाउने गरेको पाइन्छ । महिला र पुरूष दोहोरी गाउने क्रममा पनि यो गीत गाउने गरेको पाइन्छ । यस गीतको एक नमूना यस प्रकार छ ।

आजै र मैले हो घाँसै काटेँ राम भन्ने भिरैमा
घरमा कहिल्यै छैन शीतल वचन यो मन छैन थिरैमा
सामरी खोला बाढी आयो होला बगाइ ल्यायो गेगरू
बारी रूखो भए मल हालेर हुन्थ्यो मनै रूखो के गरूँ
बाखाको पाठो तिम्रो घरको बाटो गाई भ्कारेको मैले हो
तिम्ले बोलाएको बेला नबोलेको भन मैले कैले हो ।

स्रोत :- समृद्ध समाज साप्ताहिक
०६९/साउन २७ गते शनिवार

सुन्नु होला दाजु भाइ दिदी बहिनी आमा
एउटा छुट्टै इतिहास छ हाम्रो सामरीमा
दुई हजार तीस सालदेखि सामरीलाई हेर्दा
आफ्नै ठाउँको माया लाग्ने युगले कोल्टो फेर्दा
कोही गाउँछन् तामाङ्सेलो कोही सिलोक भजन
जुन वर्गलाई हेरे पनि सबलाई देख्छु सज्जन
चारैतिर हरियाली धानकोदो र मकै
कृषि प्रधान गाउँ जस्तै आमभञ्ज्याङ्ग छ पक्कै
जानु पर्छ सामरी पुल तरी, स्वर्ग जस्तै छ हाम्रो सामरी
हे नेपाली दाइ हाम्रो मकवानपुर नविर्सनु है ।

स्रोत : रमशरण तिवारी
आमभञ्ज्याङ्ग-३, मकवानपुर

### ३.४.५.२ भ्याउरे

यस सामरी भेगमा प्रचलित विभिन्न लोकगीतहरूमध्ये झ्याउरे पनि एक हो । लोकमा प्रचलित विभिन्न गीतहरू मध्ये झ्याउरे पनि प्रमुख मानिन्छ । झ्याउरे पनि घाँसे जस्तै वन, पाखा, घाँसपात र मेला जात्राहरूमा गाउने गरिन्छ ।

यस भेगमा गाउने झ्याउरे लोकगीतको नमुना भने यस्तो छ ।

पानी पऱ्यो परेन असिना ।
कि देऊ रूमाल कि पुछ्द्यौ पसिना ॥
पानी मुनि फलामे साँचो ।
नबोल्नीलाई बोलाउन के खाँचो ॥
घर त मेरो सामरी गाँवैमा ।
लैजाऊ चिठी मायाको नामैमा ॥
घर त मेरो यहाँ होइन गढी गाउँ ।
जवान छँदै आइहाल माया लाऔँ ॥

*स्रोत : रामसरण तिवारी*
*आमभ्ज्याङ्ग, ३ मकवानपुर*

ऐले साल करिम चिन्दैछु, करिम चिन्दैछु
पीरको भारी बोकेर हिन्दै छु , चिसापानीमा
चिसापानीमा सम्झी नरोए, जिन्दगानीमा
काग करायँदै घरमूनि आइदेला, घरमुनि आइदेला
चस्को पर्ला मनमा त्यो बेला चिसापानीमा
चिसापानीमा, सम्झी नरोए जिन्दगानीमा
तिम्रो मनमा जति परि परे नि, जति पिर परे नि
सपनीमा आइहाल्छु मरे नि, चिसापानीमा
चिसापानीमा, सम्झी नरोए, जिन्दगानीमा

*स्रोतः ऐजन*

### ३.४.५.३ सेलो

यस भेगमा प्रचलित विभिन्न गीतहरूमध्ये सेलो पनि एक चर्चित गीत हो । यसको प्रचलन खासगरी तामाङ जातिमा प्रचलित रहे तापनि आजकल नेपाली भाषामा पनि सेलो गाउने गरिन्छ । खासगरी यो गीत पनि वनपात, मेला, उत्सव, पूजाआजा, छेवार आदि अवसरमा गाउने गरिन्छ । डम्फुको तालमा गाइने सेलोमा नृत्य समेत गरिने हुँदा यो एक नृत्य गीत हो । सेलोमा मायाप्रीति गाँस्ने, विरह पोख्ने र जुहारी खेल्ने जस्ता कार्य हुने गर्दछन् । सेलोको उदाहरण यस प्रकार छ ।

उभोत सैलुङ्ग लेकैमा
डाँफे बच्चा हुरूरू
हाम्रो त बानी ख्याल गर्ने
कान्छीलाई औंधी मनपर्ने
देउराली भञ्ज्याङ्ग चढौँला
मायालु बात गरौँला
गुराँसको फूल टिपेर
कान्छीलाई मैले लाइदिउँला
देउराली साक्षी राखेर
हामीले माया लाएको
कान्छीलाई हेर्न मन भाको
डम्फुको सेलो गीत गाको

*स्रोत : राजकुमार रूम्बा*
*आमभञ्ज्याङ्ग, ४ मकवानपुर*

### ३.४.६ विविध गीत

सामरी भेगमा प्रचलित गीतहरूमा माथि उल्लेखित बाहेक अन्य गीतहरू पनि गाइन्छ । जसलाई विविध गीत भन्छि । जसमा बालगीत, सिलोक, भजन आदि पर्दछन् । बालगीत बाल बालिका र बालबालिकाका अभिभावकहरूले समेत गाउने गरेको पाइन्छ भने भजन तथा सिलोक वृद्धवृद्धा र व्रतालु भक्त र ईश्वरप्रति आस्था राख्नेहरूले गाउने गरेको पाइन्छ ।

### ३.४.६.१ बालगीत

बाल बालिकाहरूले गाउने गीतलाई बालगीत भनिन्छ । बालगीत सामरी भेगका बालबालिका र उनीहरूका आफन्तहरूले समेत गाउने गरेको पाइन्छ । बालबालिकाहरू बालगीत गाएर आफ्नो स्थानीय परिवेशको चित्रण तथा विभिन्न मनोरञ्जन प्राप्त गर्ने कार्य गर्दछन् । बालगीत पनि बालबालिकाले गाउने र बालबालिकाका निम्ति गाइने गरी दुई प्रकारका रहेको पाइन्छ । बालगीतको एक नमुना यसप्रकार छ ।

ऐया बाबै, घैया पाक्यो चिउरी कुटाइदेऊ न ।
परबाट जन्ती आए बेहुली लुकाइदेऊ न ॥
ऐया आमै , घैया पाक्यो चिउरी कुटाइ देउन ।
चिउरी खाँदा दन्त दुख्यो दुधले भिजाइ देउन ॥

*स्रोत : श्रीकृष्ण ढकाल*
*आमभञ्ज्याङ्, ५ मकवानपुर*

### ३.४.६.२ सिलोक

सामरी भेगमा प्रचलित विविध गीतमध्ये सिलोक गीत पनि प्रसिद्ध गीत हो । सिलोक शास्त्रीय छन्दको अनुसरण गरेर भनिने भए तापनि लोक जीवनमा छन्दको अनुकरण नगरी स्वतः स्फूर्त रूपमा पनि सिलोक गाइने गरेको पाइन्छ । सिलोक विभिन्न धर्म, संस्कृति र धार्मिक ग्रन्थहरूबाट साभार गरी भनिनुका साथ साथै आफ्नो अन्तर्मनबाट उब्जेका भावनाहरू प्रकट गर्ने प्रचलन यहाँ रही आएको पाइन्छ । आफ्नै स्थानको वर्णन गरी प्रस्तुत गरिएको बिना छन्दको एक सिलोक (श्लोक) को नमुना यस्तो छ ।

नमुना १

मकवानपुर गढी हो सामरी तरी यो अल्को टापुमा छ यो ।
मुकुन्द सेन भनिने राजाको पालदेखि नै मकवानपुर गढी चिनियो ॥
पैल्हेका बूढा पाकादेखि आजका नवजवानले पनि ।

सबै भन्ने गरेको पाइन्छ यहाँ मेरो मकवानपुर भनी ।

*स्रोत : रामशरण तिवारी*

*आमभञ्ज्याङ्ग, ३ मकवानपुर*

यस बाहेक छन्द युक्त श्लोकहरू पनि गाइने प्रचलन यस भेगमा रहेको पाइन्छ । जसका लागि विभिन्न धार्मिक ग्रन्थको सहायता लिएको पाइन्छ । यसको एक नमुना यस प्रकार छ ।

काल जमाउँछ खेल तमासा
आयु घटे तर घटेन आशा
भजा नारायण भज नारायण सज्जन हो ।
मर्न त निश्चय भोलि कि पर्सि ।
यही छ सार उस दिनको ॥
देह छ नाङ्गो कपडा छैनन् ।
अञ्जुली बाहेक भाँडा छैनन् ॥
भज नारायण भज नारायण भजनारायण सजन हो ।

स्रोत : अर्जुन ढकाल

गढी-८, मकवानपुर

यसरी मकवानपुरको सामरी भेगमा माथि उल्लेखित लोकगीतहरू गाउने गरिन्छ । यस क्षेत्रका मानिसहरूले विभिन्न अवसरमा विभिन्न प्रकृतिका गीतहरू गाएर आफ्ना अन्तर्मनका भावना तर्कनाहरूलाई अभिव्यक्तमात्र गरेका छैनन् उनीहरूले यस क्षेत्रको संस्कृति चाल चलन र रीति रिवाजहरूको परिचय कुनै रूपले दिइरहेको पाइन्छ । यस क्षेत्रका शिक्षित या अशिक्षित जो जस्तो भए पनि यस क्षेत्रको लोक साहित्यलाई अगाडि बढाउन लोकगीतको साहारा लिँदै र त्यसैका माध्यमबाट अगाडि बढेको पाइन्छ । विभिन्न क्षेत्रका मानिसहरू बसाइँ सरेर यहाँ आएका कारण यस भेगका लोकगीतहरूमा विविधता र पूर्व तथा पश्चिमका गीतहरूको सम्मिश्रण पाइने र यसबाट विविधतामा एकताको समेत भावना अभिव्यक्त भएको देखिन्छ ।

निष्कर्षमा भन्नु पर्दा मकवानपुर जिल्लाको सामरी भेगमा बसोवास गर्ने विभिन्न जातजाति, धर्म सम्प्रदाय, रीतिरिवाज र जीवन शैली व्यतित गर्ने यहाँका जनसमुदायहरू आ–आफ्नो संस्कार चालचलन

र पेशा व्यवसायसँग मिल्दोजुल्दो लोकलयमा आफ्ना मनका भावना तर्कनाहरू प्रकट गर्ने गरेको पाइन्छ । कृषि प्रधान देशको कृषिमा आधारित यो समुदाय कृषि पेशामा आश्रित रहेका कारण श्रम गर्दा लाग्ने थकान मेटाउन पनि लोकगीत कै साहरा लिने गरेको पाइन्छ । लोकसाहित्यको अन्य विधा भन्दा लोकगीत नै सबैभन्दा साथ दिने दुःख सुखको साथीका रूपमा मानव हृदयका स्पन्दन बनेर रहेको देखिन्छ । डाँडा, पाखा, पखेराका काखा पोल्टामा रहेर प्रकृतिसँग साइनो गाँस्नेदेखि लिएर मानव संस्कार र रीतिरिवाजका विभिन्न मेला, पर्व, उत्सव र समारोहका विभिन्न अवसर र समयमा विभिन्न पेशा अनि व्यवसायसँग समेत मितेरी गास्ने सशक्त माध्यम बनेर लोकगीत प्रचलित रहेको पाइन्छ ।

मकवानपुर जिल्लाको सामरी भेगका लोकगीतहरू सङ्कलन गर्ने सिलसिलामा आफ्नो अमूल्य समय दिएर लोकगीतहरू सङ्कलन गर्ने सुअवसर प्रदान गर्नुहुने लोक गायकहरूको नामावली यस प्रकार राखिएको छ ।

| क.सं. | नामथर | ठेगाना |
|---|---|---|
| १ | तुलामाई आचार्य | आमभञ्ज्याङ्ग, ४ मकवानपुर |
| २ | वीरबहादुर गौतम | गढी, ६ मकवानपुर |
| ३ | सीता तिमिल्सिना | आमभञ्ज्याङ्ग, ३ मकवानपुर |
| ४ | रमा देवकोटा | आमभञ्ज्याङ्ग, ९ मकवानपुर |
| ५ | पूर्णप्रसाद अधिकारी | आमभञ्ज्याङ्ग, ६ मकवानपुर |
| ६ | गीता ढकाल | आमभञ्ज्याङ्ग, ५ मकवानपुर |
| ७ | रचना तिमल्सिना | आमभञ्ज्याङ्ग, ५ मकवानपुर |
| ८ | युवराज तिमल्सिना | आमभञ्ज्याङ्ग,६ मकवानपुर |
| ९ | देवी अधिकारी | आमभञ्ज्याङ्ग,३ मकवानपुर |
| १० | अर्जुन ढकाल | गढी, ८ मकवानपुर |
| ११ | मेम्बर लामा | आमभञ्ज्याङ्ग,४ मकवानपुर |
| १२ | रामसरण तिवारी | आमभञ्ज्याङ्ग,३ मकवानपुर |
| १३ | रामप्रसाद न्यौपाने | आमभञ्ज्याङ्ग,५ मकवानपुर |
| १४ | श्रीकृष्ण ढकाल | आमभञ्ज्याङ्ग, ५ मकवानपुर |

| | | |
|---|---|---|
| १५ | रमेश न्यौपाने | सुकौरा, १ मकवानपुर |
| १६ | बलराम न्यौपाने | सुकौरा, १ मकवानपुर |
| १७ | रत्नमाया गोले | सुकौरा, १ मकवानपुर |
| १८ | रामप्रसाद फँयल | गढी, ५ मकवानपुर |
| १९ | देवकी बि.क. | आमभञ्ज्याङ्ग, ९मकवानपुर |
| २० | छविलाल 'विकल' | आमभञ्ज्याङ्ग,६ मकवानपुर |

| क्र.स. | संस्था/पत्रिका | ठेगाना |
|---|---|---|
| १ | चण्डिका बाल क्लव | गढी, ४ मकवानपुर |
| २ | समृद्ध समाज दैनिक | हेटौंडा, मकवानपुर |

# अध्याय - चार

## सामरी भेगमा प्रचिलत गीतहरूको विश्लेषण

लोक साहित्य लोक समाजको सम्पत्ति हो । लोक साहित्य र लोक समाज बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । लोक जीवनका हाँसो र रोदन खुसी र दुःख आस्था एवम् धारणाहरू लोक साहित्यको माध्यमबाट प्रस्फुटित हुने भएकोले यसको अति महत्त्व रहेको देखिन्छ । लोक साहित्यलाई यथार्थमा भन्नुपर्दा लोक मानसको अमूल्य ढुकढुकी वा धड्कनका रूपमा लिनु पर्दछ । लोक साहित्य भित्र मानिसका लागि आवश्यक पर्ने माया, ममता, त्याग अर्ती उपदेश जस्ता कुराहरू रहेकाले त्यसका माध्यमबाट मानिसमा भावना साटासाट गरेर अपनत्वको भावना अभिव्यक्ति गरिने हुँदा व्यक्ति व्यक्तिमा नैतिकता र समाजलाई समेत सभ्यता र एकताको पाठ सिकाएको अनुभूति हुन्छ ।

समाजमा विभिन्न क्रियाकलापहरू हुने गर्दछन् । समाजको आर्थिक, धार्मिक, समाजिक, राजनीतिक र धार्मिक पक्षहरूको चित्रण लोक साहित्य वा लोकगीतमा गरिएको हुन्छ । समाजको रीतिरिवाज, संस्कृति र परम्पराको जगेर्ना गर्ने कार्य लोक साहित्यले गरिरहेको हुन्छ । विभिन्न समयमा हुने चाडपर्व र अवसरहरूमा लोकसाहित्यले महत्त्वपूर्ण मनोरञ्जन तथा उल्लासमय वातावरणमा मनोरञ्जन प्रदान गरिरहेको हुन्छ । लोक साहित्यले कला र संस्कृतिको जगेर्ना गर्नुका साथै समाजको विकासमा अहम् भूमिका खेलेको पाइन्छ । त्यसै गरी यस अध्ययन क्षेत्रको समाजमा पनि लोकगीत वा लोक साहित्यले महत्त्वपूर्ण भूमिक खेलेको पाइन्छ । जसलाई निम्न बुँदाहरूलाई आधार मानेर तिनै महत्त्वका आधारमा विश्लेषण गर्न सकिन्छ ।

### ४.१ ऐतिहासिक विषय वस्तुको चित्रण

कुनै पनि स्थानको इतिहासको निर्माण वा इतिहासको चर्चा परिचर्चा लोक साहित्य र अझ त्यसमा पनि लोकगीतले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । हाम्रा पुर्खाहरूको त्याग एवम् तपस्यामा एकाकार र उचित मूलयाङ्कन गर्न लोकगीतले महत्त्वपूर्ण योगदान गरेको हुन्छ । ऐतिहासिक विषयवस्तुलाई चित्रण गर्ने काम लोकगीतले गरिरहेको हुन्छ । यो भेग खास गरी सेनहरूको राज्य र पृथ्वीनारायण शाहको नेपाल राज्य एकीकरण अभियान र नातागोतासँग प्रत्यक्ष सम्बन्ध प्रभाव परेको

देखिन्छ । इतिहासका वीर पुरष र तिनीहरूको वीरता र पराक्रमको वर्णन गर्ने कार्य यस क्षेत्रका लोकगीतहरूमा भएको पाइन्छ ।

धेरै वर्ष अघिको कथा नाला पानीको
सानो सानो नेपाल फूल जस्तै कोमल

कोदोको ढिँडो खाएर गुन्द्रुकको तिहुन खाएर
हाम्रो त तेन्जिङ् शेर्पाले चढ्यो हिमाल चुचुरा ।

*स्रोत : छविलाल 'विकल'*
*आमभञ्ज्याङ्ग-६ मकवानपुर*

## ४.२ लोकगीतमा अर्थ व्यवस्थाको चित्रण

मकवानपुरको सामरी भेगको जनजीवन कृषि पेसामा आधारित रहेको र त्यसको प्रत्यक्ष सम्बन्ध शारीरिक श्रम त्यसले समाजमा पारेको प्रभाव र अर्थ व्यवस्थाले समाजमा गरेको उन्नति प्रगतिका बारेमा विषयवस्तु बानाइ त्यसैलाई गेयात्मक रूप दिइएको हुन्छ । समाजमा रहेको आर्थिक विषमता पनि विषय वस्तुका रूपमा प्रस्तुत गरिएको हुन्छ । अर्थिक असमानता र विषयका पछाडि तिनीहरूमा रहेका दुःख अनि पीडाहरूलाई कलात्मक रूपले ओठबाट ओकली रहेका हुन्छन् ।

जस्तै : हामी किसान सधैँको दुखिया ।
मोज गर्छ गाउँको मुखिया ॥
कहिले आउला गरिबको पालो ।
सधैँभरि कुटो र कोदालो ॥

*स्रोत : रामप्रसाद फँयल*
*गढी, ५ मकवानपुर*

## ४.३ सामाजिक समस्याको चित्रण

समाजमा विभिन्न समस्याहरू देखा पर्दछन् । समाजमा घट्ने यस्ता खाले घटनाले मानिसका मनमा विरह, वेदना, हाँसो, रोदन उत्पन्न गर्ने कार्य गर्दछन् । तिनै विरह र खुसीका स्वरहरू बेला मौकामा अलापिने गर्दछन् । लोकगीतले समाजको वास्तविकतालाई उजागर गर्दै समस्यामा जकडिएकाहरूको मनको वहलाई पोखेर केही क्षणलाई मात्र भए पनि मनमा शान्ति दिने कार्य गरिरहेको हुन्छ । मानिसको जन्मदेखि मृत्युसम्ममा स्वजन तथा परजनबाट हुने गरेका शोषण र पीडालाई यसै लोकगीत मार्फत पोखेर आफू तथा आफूजस्तै पीडितहरूलाई सान्त्वना दिने काम लोक गायकहरूले गरिरहेका हुन्छन् ।

जस्तै :

मरौँ भने आएन काल ।
बाँचे सधैँ भरीको यो चाल ॥
माछाले फूल पाऱ्यो पानीमा ।
आमा जस्तो हुँदैनन् सानीमा ॥

*स्रोत : बलराम न्यौपाने*
*सुकौरा, १ मकवानपुर*

## ४.४ अन्याय र अत्याचारप्रति विरोध

नेपालीहरू शान्ति प्रिय छन् तर अन्याय र अत्याचारलाई भने किञ्चित सहन सक्दैनन् । नेपाली समाज सदियौँदेखि दमन शासन र उत्पीडनको चपेटामा पर्दै आएको छ । यहाँ निरङ्कुश, तानाशाही शासनदेखि लिएर जहानियाँ शासनसम्मको कारणले गर्दा समाजमा जनतालाई पीडावोध भएको छ । बेलाबेलामा त्यस्ता शासन व्यवस्था फाल्नका लागि यहाँ आन्दोलन पनि भएका छन् । त्यस आन्दोलनमा शारीरिक भौतिक उपस्थितिका साथ साथै लोकसाहित्यका रूपमा यस्ता लोकगीतहरूको पनि प्रभाव रहेको देखिन्छ । समाजका हेपाइ र बलमिचाइ तथ अत्याचारको गीत मार्फत पनि विरोध गरिएको पाइन्छ ।

गरिबलाई लाग्दछ ऐन ।
ठूलावडा गर्दैछन्  चैन ॥

विकास गर्छु भन्ने त्यो नाराले ।
खैत सुख पाएको साराले ॥

*स्रोत : ऐजन*

## ४.५ छुवाछूत र भेदभावपूर्ण व्यवहारको चित्रण

विश्व अहिले एक्काइशौं शताब्दीको चरणमा रहेको छ । विज्ञान र प्रविधिको विकासको चरमोत्कर्षमा संसारपुग्दा हाम्रो नेपाली समाज भने बाह्रौं शताब्दीको जस्तो सामाजिक भेदभाव र अन्धविश्वासमा रूमलिएको छ । आफूलाई उच्च कुलका भन्न चाहनेहरू अझै पनि जातीयताका नाममा तल्लो जात भनिएकाहरूलाई मानवीय व्यवहार गर्न हिचकिचाइ रहेका छन् । माथिल्ला जातिका चोखा र तल्लो जातिकालाई विटुला ठान्नेहरूप्रति असन्तुष्टि पोख्दै आफ्ना मनका भावनाहरू पोखिरहेको पाइन्छ । समानता र मानवताका पक्षमा गीतहरू गाउन यस क्षेत्रका मानिसहरू तल्लीन देखिन्छन् ।

उदाहरण :

चित्र दुख्यो त्यो तिम्रो वातले
सफा मन छ के हुन्छ जातले ?
हुन्न ठूलो जात उच्च हुँदैमा
के हुन्छ र हामीले छुँदैमा?
दुई जात पुरूष र नारी ।
मिली बसौं भेदभाव नगरी ॥

*स्रोत : देवकी वि.क.*
*आमभञ्ज्याङ्ग-९ मकवानपुर*

## ४.६ प्रकृतिको चित्रण

नेपालीहरू प्रकृतिका पारखी र मित्रहरू हुन् । पकृतिलाई आधार मानेर गाइएका लोकगीतहरू हाम्रो समाजमा पर्याप्त रहेका छन् । प्राकृतिक धरातल, वन जङ्गल, डाँडाकाँडा, भञ्ज्याङ्ग, देउराली उकाली ओरालीहरू गीतका विषयवस्तु हुने गर्दछन् । त्यसै गरी पंक्षी चरा चुरूङ्गी र पशुहरू समेत गीतका विषयवस्तु बन्ने गरेका पाइन्छन् । हिमालका चुचुरामा पर्ने हिउँ र लेकमा फुल्न लालीगुँरास लगायतका फलफूलहरू समेत यस क्षेत्रका गायकहरूको विषवस्तु बनेबाट यस भेगका गीतहरूमा

प्रकृतिको चित्रण पाइने कुरा यथार्थ हुन आउँछ । यसबाट यस क्षेत्रका गायक, गीत अनि प्रकृतिबीच निकट सम्बन्ध रहेको देखिन्छ ।

हिमालमा हिउँ कल्ले जमायो ।
त्यसैले त मन मेरो रमायो ॥
त्यसै हो र मन मेरो भुलेको ।
त्यो वनमा गुराँस फुलेको ॥

*स्रोत : रत्नमाया गोले*
*सुकौरा, १ मकवानपुर*

## ४.७ धार्मिक आस्थाको चित्रण

नेपाली समाजमा ईश्वरप्रतिको आस्था अगाध रूपमा रहेको छ। यस भेगका मानिसहरूमा पनि ईश्वरीय आस्था प्रकट भएको पाइन्छ । विभिन्न धार्मिक अनुष्ठानहरूमा उपस्थित भई गरिने आरती भजन, श्लोक आदिले यस क्षेत्रमा गीतको रूप लिन गाइ लोक साहित्यको भण्डारलाई सम्पन्न बनाउँन मद्दत गरेको देखिन्छ । नेपालीहरू कर्मका साथै भाग्यमा पनि विश्वास गर्ने भएकोले भाग्य राम्रो होस् भन्ने कामना सहित ईश्वरको प्रार्थना गर्दछन् । त्यतिमात्र होइन दुःख कष्ट पर्दा समेत ईश्वर पुकार्ने प्रवृत्तिले लोकगीतको रूप लिन गई गीत गाउने गरेको पाइन्छ ।

उदाहरण :

हे कृष्ण साह्रै आपत पऱ्यो मलाई ।
साह्रै विपत पऱ्यो मालाई ॥
तिमी उस्तै म पनि उस्तै ।
भगवानले जुराए दुरूस्तै ॥

*स्रोत : रमेश न्यौपाने*
*सुकौरा १, मकवानपुर*

## ४.८ लोकगीतमा कला संस्कृतिको चित्रण

लोकगीतले पुराना कला तथा संस्कृतिका अमूल्य निधिहरूको संरक्षण गर्न मद्दत गरिरहेको हुन्छ । नेपालमा विभिन्न जातजाति, भाषा, धर्म संस्कृति र रीतिरिवाज अनि परम्परा मान्ने मानिसहरू रहेका

छन् । नेपाललाई चार वर्ण छत्तीस जातको साझा फूलवारीमा विभिन्न जातजाति भाषा संस्कृतिका विविध फूलहरू फुलेर शोभा बढाइ रहेको पाइन्छ । कला र संस्कृति जगेर्ना गर्नका लागि लोक साहित्यले महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । विभिन्न चाडपर्व र धार्मिक अनुष्ठान एवम् जात्रा मेलाहरूमा जाति, भाषा, रीतिरिवाज अनुसारका गीत यस क्षेत्रमा गुञ्जिरहेको पाइन्छ । जसबाट विभिन्न समुदाय र सम्प्रदायको कला र संस्कृतिको चित्रण भइरहेको हुन्छ ।

उदाहरण :

कोही गाउँछन् तामाङ् सेलो कोही सिलोक भजन ।
जुन वर्गलाई हेरे पनि सबलाई देख्छु सज्जन ॥
जानु पर्छ सामरी पुल तरी, स्वर्ग जस्तै छ हाम्रो सामरी ।
हे नेपाली दाइ हाम्रो मकवानपुर नबिर्सिनु है ।

*स्रोत : रामशसरण तिवारी*
*आमभञ्ज्याङ्ग -३ मकवानपुर*

तसर्थ लोकगीत नेपाली लोकसाहित्यको सबैभन्दा  प्रचलित र लोकप्रिय विद्याको रूपमा रहँदैआएको छ । यो लोक समुदायका परापूर्व कालदेखि हस्तान्तरित हुदै आएको र वर्तमान समुदायको हृदयमा बस्न सफल भावी सन्ततिहरूको समेत मन र मुटु छुन सक्ने विद्याका रूपमा रहेको छ । लोकगीतका विभिन्न गुण तथा विशेषताहरूले यसभित्र रहेका विविध तत्त्वहरूले लोकगीतलाई लामो समयसम्म जीवन्त बनाएको छ । चाडपर्व मेलापातदेखि विभिन्न संस्कार र रीतिरिवाज, धर्म, संस्कृति, समारोहहरूमा लोकगीतले आफ्नो परिचय झल्काउने कार्य त गरिरहेकै हुन्छ । यसका साथै विभिन्न किसिमका लोकगीतहरूले विभिन्न जातजाति भाषाभाषीका समुदायका अपनत्त्वलाई उजागर गर्नुका साथै मुग्लानेहरूका विदेशिनु पर्दाका पीडा र वाध्यताहरू नारीहरूका समस्या गरिव दीनहीनका कारूणिक अन्याय र अत्यचार, सामाजिक विकृति र विसङ्गतिका यथार्थ चित्रणका साथै प्रकृति चित्रण जस्ता कुराहरू प्रस्फुटनको माध्यम बनेर लोकगीतले जनसमुदायमा अमिट छाप छोड्न र लोकको सहजै मन जित्न सफल भएको छ । फूलबारीमा फुल्ने विभिन्न फूलहरूले विभिन्न भमरहरूको मनलाई आकर्षित गरे जस्तै यहाँ गाइने विविध प्रकारका गीतहरूले बहुजाति, बहुभाषी र बहुसांस्कृतिक यहाँका समुदायको मन जित्ने लोकगीत सफल भएको छ । यस भेगमा गाइने गीतहरूले प्रकृतिको चित्रण,

अन्याय अत्याचारप्रति तीव्र आक्रोश जातीय भेदभावको अन्त्य गर्दै समानताको आवह्नको साथै धार्मिक आस्थालाई जीवित राख्दै कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनमा जेड दिएको पाइन्छ ।

# अध्याय पाँच

## उपसंहार

लोकगीत लोकमा प्रचलित परम्परामा आधारित पुस्ता पुस्तामा हस्तान्तरण हुँदै आएको गीत हो । यसको विषयवस्तु, शैली र प्रस्तुतीकरणमा परम्परागत विशेषता पाइन्छ । यो मौखिक परम्परामा हुर्कँदै आएको हुन्छ । यसको रचनाकार तथा रचनाकाल अज्ञात रहेको हुन्छ । यो कुनै वैयक्तिक सम्पत्ति नभई सामाजिक सम्पत्ति हुन्छ । रचनाकार भए तापनि गौण हुन्छ र लोकको स्वामित्व कायम हुन्छ ।

लोकगीतहरू विभिन्न अनुष्ठान र अवसरसँग सम्बद्ध रहेका हुन्छन । विभिन्न अवसरमा विभिन्न शैलीका साथ मनोरञ्जन प्रदान गर्ने प्रवृत्ति लोकगीतहरूमा रहेको हुन्छ । उदाहरणका लागि मागल विवाह तथा व्रतवन्ध; मालश्री दशैं; देउसी भैलो तिहार र फागु फागु पूर्णिमा आदि अवसरमा गाउने चलन छ भने असारे असारमा र दाइँ मङ्सिर तथा घाँसे, झ्याउरे, दोहोरी जस्ता गीतहरू जुनसुकै बखतमा गाउने चलन रहिआएको छ । शिक्षित तथा अशिक्षित जो सुकैले गाउने लोकगीतको आफ्नै मौलिक परम्पराले र सरल, सरस तथा सहज शब्द चयनले सबैलाई मनोरञ्जन प्रदान गरिरहेको हुन्छ ।

वास्तवमा लोकगीत लोक जीवनमा आधारित विभिन्न क्रियाकलापसँग सम्बन्धित लोक भावना अभिव्यक्त हुने भएकोले नै यसलाई लोकगीत भनिएको हो । लोकगीत अन्य गीत भन्दा फरक, सर्वप्रिय, बोधगम्य र मनोरञ्जन प्रदान हुन्छ । लोकगीतहरू विभिन्न छन्द र भाकामा गाइनुका साथै यसलाई छन्द विहिन रूपमा पनि गाइने गरिन्छ । विभिन्न जाति र सम्प्रदायमा विभिन्न किसिमले लोकगीत गाउने गरिन्छ । लोकगीतले वन, पाखा, पखेरा मेलापात तथा जात्रामात्राहरूसँग मितेरी गाँसेका हुन्छन् ।

देशका अन्य भूभागमा जस्तै मकवानपुर जिल्लाको सामरी भेगमा पनि विभिन्न अवसरहरूमा विभिन्न किसिमका लोकगीतहरू गाइन्छन् । मकवानपुरका ४३ गा.वि.स. मध्ये केही वडालाई छोडेर जम्मा ३ ओटा गा.वि.स. पर्ने यस सामरी भेग आर्थिक, सामाजिक, धार्मिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण स्थान भएको कारण यस क्षेत्रमा विभिन्न गायक एवम् गायिकाहरूले विभिन्न गीतहरू गाएर यस क्षेत्रको लोकगीतहरूको र स्थानीयताको परिचय दिएका छन् । कसैले श्रम सम्बन्धी गीतहरू गाएर आफ्नो अनि यस क्षेत्रको परिचय दिन खोजेका छन् । यस क्षेत्रको भू-धरातल कतै समथर कतै उच्च समस्थली कतै भञ्ज्याङ्ग तथा कतै भिरालो परेको जमिन देख्न पाइन्छ । जसरी यस क्षेत्रको भू-बनावट विषमतामा आधारित रहेको छ त्यसै गरी यहाँ गाइने लोकगीतहरूमा पनि विभिन्नता र अनेकता पाइन्छ

। सबैखाले लोकगीतले अनेकता र विविधता देखाए तापनि त्यसको समष्टि रूप भनेको लोकगीत नै रहेको पुष्टि हुन्छ । यहाँका बासिन्दाहरू अनेक जातजाति भए तापनि सबैले नेपाली लोकगीतहरूलाई नै मन पराएर गाउने तथा सुन्ने गरेको पाइन्छ । आफ्ना मनका भावना एवम् तर्कनाहरू लोकगीत मार्फत प्रकट गरेको पाइन्छ । माया प्रीतिदेखि लिएर दुःख सुखका अनुभूति एवम् अनुभवहरूलाई प्रकट गर्ने सशक्त माध्यम लोकगीत नै भएको देखिन्छ ।

यस क्षेत्रका बासिन्दाहरू मध्ये के युवा के वृद्धा के बालक सबैले मन पराएको लोकगीत युवा वर्गमा भन्दा वृद्धवृद्धाहरूमा बढी लोक प्रियता हासिल गर्न सफल भएको देखिन्छ । युवा वर्ग आधुनिक तथा पप गायनतर्फ आकर्षित भए तापनि ती गीतहरूमा समेत लोकगीतको प्रभाव देखिनुले लोकगीत अरू गीतको तुलनामा बढी टिक्न सक्ने सदाबहार र सर्वप्रिय देखिन्छ । शिक्षित मात्र नभएर अशिक्षित समेतले सहज रूपमा बुझ्न र आश्वादन गर्न सक्ने भएकाले यो सबै माझ प्रिय देखिन्छ ।

यस क्षेत्रमा गीत गाउने गायकहरूको मनोबल उच्च बनाउन उनीहरूलाई हौसला दिनु जरूरी छ । यस सम्बन्धमा विभिन्न लोक गायकहरूसँग प्रतिक्रिया लिँदा लोकगीतका गायकहरू प्रति विशेष चासो नदिइएको पाइन्छ । विभिन्न क्षेत्रमा लोकगीतका सभा, सम्मेलन तथा लोक दोहोरी प्रतियोगिता हुने गरे तापनि यस क्षेत्रमा भने त्यस प्रकारका कुनै कार्यक्रम नहुँदा लोक गायकहरूको प्रतिभा त्यत्तिकै खुम्चिएर रहेको बुझाइ स्थानीय लोक गायक रामसरण तिवारीको रहेको छ । आफूले विभिन्न राष्ट्रिय स्तरका कार्यक्रमहरूमा भाग लिएर आफ्नो कला प्रदर्शन गर्ने अवसर पाए तापनि रकम अभावका कारण एल्वम निकाल्न नसकेकोमा दुखेसो रहेको छ । त्यसै गरी उचित ध्यान नपुगेका कारण यस क्षेत्रका स्थानीय लोक गायकहरू विभिन्न कार्यका सिलसिलामा आर्थिक समस्याका कारण देशका अन्य भाग तथा विदेशमा समेत रोजगारीका निम्ति जानु परेको तीतो यथार्थले यस क्षेत्रका स्थानीय लोक गायकहरूलाई गाएर नै रोजी रोटीको समस्या समाधान गरिदिने वातावरण हुने हो भने उचित रूपमा लोकगीतको संरक्षण र लोक गायकहरूको पनि सम्मान हुने देखिन्छ । यस क्षेत्रका लोकगीतहरूको उचित संरक्षणमा सरोकारवाला सबै पक्षको ध्यान जानु नितान्त आवश्यक छ । सम्बन्धित पक्षले ध्यान दिएको खण्डमा यस सामरी भेगको लोकगीतले र यहाँका लोक कलाकारहरूले उच्चस्थान प्राप्त गर्ने प्रशस्त सम्भावना बोकेको देखिन्छ । देशकै निम्ति प्रतिनिधि गायकहरू र लोकगीतहरू सिर्जना हुन सक्ने अवस्थालाई नकार्न सकिँदैन ।

अन्त्यमा विभिन्न ऐतिहासिक र सामाजिक र सामरिक महत्व बोकेको यस सामरी भेगमा बसोवास गर्ने विविध जातजाति, भाषाभाषी र धर्म सम्प्रदायका मानिसहरू विभिन्न अवसरमा विभिन्न लोकगीतहरू गाएर आ-आफ्नो कला र संस्कृतिको संरक्षणमा दिएको योगदान प्रशसनीय छ । यो महानकार्यमा आफूलाई लगाउने वर्तमान समयका लोकगायकहरूबाट प्रभाव ग्रहण गर्दे आफूलाई परिवर्तन र आधुनिकतका नाममा बाह्य कला र संस्कृतिको अन्धाधुन्ध अनुकरण गर्नु भन्दा नेपाली कला र संस्कृतिको जगेर्ना गर्ने अभियानमा लाग्नु यस क्षेत्रका हरेक जनसमुदायको कर्तव्य ठहर्छ । तसर्थ यिनै संरक्षण र सम्वर्द्धनमा जोड दिँदै हाम्रा पुर्खाहरूले हामीलई प्रदान गरेको नसो हाम्रा भावीपिँढीहरूलाई सुम्पनु हामी सबैको दायित्व हुन आउँछ ।

मकवानपुर जिल्लाको समरी भेगका लोकगीतहरू सङ्कलन गर्ने सिलसिलामा आफ्नोअमूल्य समय दिएर लोकगीतहरू सङ्कलन गर्ने सुअवसर प्रदान गर्नुहुने लोक गायकहरूको नामावली सूची यस प्रकार छ ।

## भावी अध्ययनका लागि सुझाव

सामरी क्षेत्रको लोकगीतको अध्ययनका निम्ति निम्न लिखित शीर्षकहरू ममनयोग्य छन् ।

क) सामरी क्षेत्रका लोकगीतको सङ्गीत शास्त्रीय अध्ययन ।

ख) सामरी क्षेत्रका लोकगीतको समाजशास्त्रीय अध्ययन

## सन्दर्भ ग्रन्थसूचीहरू


अधिकारी, नारायणप्रसाद (२०४३) "**स्याङ्जाली लोकगीतको सङ्कलन वर्गीकरण र अध्ययन,**" त्रि.वि.स्नातककोत्तर शोधपत्र ।

उपाध्याय एस.के., (२०४७) **"नेपाली लोकगीत सङ्ग्रह"** काठमाडौं : एस.के.ब्रदर्स ।

उपाध्याय, कृष्णदेव, (१९८०) **"लोकसाहित्य की भूमिका,"** इलाहवाद : साहित्य भवन प्रा.लि. ।

कन्दङ्वा, काजीमान, (२०२०) **"नेपाली जनसाहित्य,"** काठमाडौं : नेपाल ऐकेडेमी ।

गिरी, जीवेन्द्रदेव, (२०५७) **"लोकसाहित्यको अवलोकन,"** काठमाडौं : एकता प्रशाशन ।

जोशी, सत्यमोहन, (२०१४) **"नेपाली लोकगीत : एक अध्ययन,"** ललितपुर साहित्य सदन

मिमल्सिना मोहनप्रसाद, (२०५५) **"नेपाली साहित्यका ऐतिहासिक मोडहरू"** त्रि.वि.अनुसन्धान प्रतिवेदन ।

थापा, धर्मराज, (२०१६) **"मेरो नेपाल भम्रण"** काठमाडौं : श्रीमती सावित्री थापा ।

थापा धर्मराज, (२०३०) **"गण्डकीका सुसेली"** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, (२०४१) **"नेपाली लोकसाहित्यको विवेचना"** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

ढुङ्गाना, दीपक, (२०६५) **"मकवानपुरको हर्नामाडी गा.वि.स.मा प्रचलित लोकगीतहरूको अध्ययन"** त्रि.वि. स्नातकोत्तर अध्ययन पत्र ।

पन्त, कालीभक्त, (२०४३) **"हाम्रो संस्कृति इतिहास"** स्याङ्जा : लेखक स्वयम् ।

पन्त, जयराज, (२०३६) **"डोटेली गमरा पर्वका गीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण"** त्रि.वि. स्नातकोत्तर शोधपत्र ।

पन्त, हीराप्रसाद, (२०५८) **"डडेलधुराली डेउडा गीतको अध्ययन"** त्रि.वि.स्नातकोत्तर शोधपत्र ।

पराजुली, कृष्णप्रसाद, (२०५७) **“नेपाली लोकगीतको आलोक”** काठमाडौं : वीणा प्रकाशन ।

पोखेल बालकृष्ण र अन्य, (२०४०) **“नेपाली बृहत् शब्दकोश”** नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, राजेन्द्रप्रसाद, (२०४३) **“कमला खोंचका लोकगीतको सङ्कलन वर्गीकरण र बिश्लेषण”**: त्रि.वि. स्नातकोत्तर शोधपत्र ।

फुर्सती रामचन्द्र, (२०२७) **“तीनखोले दोभान”** वनारस : बाबु माधवप्रसाद शर्मा ।

बन्धु, चूडामसण, (२०५८) **“नेपाली लोकसाहित्य”** काठमाडौं : एकता बुक्स् ।

भट्टराई अम्बिका प्रसाद, (२०५२) **“तनहुँ ढोरका गीतहरुको सङ्कलन, वर्गीकरण र विश्वेषण”** त्रि.वि. स्नातकोत्तर शोधपत्र ।

लोशनी, लक्ष्मण, (२०२२) **“रोदीघर”** काठमाडौं : रत्नपुस्तक भण्डार ।

शाह सुवि, (२०६२) **“नेपाली लोकगीतको झलक”** ललितपुर : साझा प्रकाशन ।

सत्यन्द्र, (१९७१) **“लोकसाहित्य विज्ञान”** आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनी ।

श्रेष्ठ, दयाराम, (२०३८) **“प्रारम्भिक कालको नेपाली साहित्य र परम्परा”** त्रि.वि.( पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ विमला, (२०६५) **“धादिङ जिल्लामा प्रचलित लोकगीतहरुको सङ्कलन वर्गीकरण र विश्लेषण”** त्रि.वि. स्नातकोत्तर र शोधपत्र ।